मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

**आवश्यकता**

**पदः** पृष्ठ संयोजक/उपसम्पादक

**संख्याः** २

**जिल्ला संवाददाताः** ११

(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)

**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन २२ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि

madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक ११५ ● २०८१ साल फागुन २१ गते बुधबार ● Wednesday 05, March 2025 ● सूर्योदयः बिहान ६:२६ बजे ● सूर्यास्तः साँझ ६:०८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मधेशका करिब आधा स्थानीय सरकार प्रशासकीय अधिकृतविहीन

**मधेश प्रदेशको एक मात्र महानगर वीरगंज महानगरपालिका, एक उपमहानगर, ४६ नगरपालिका र १९ गाउँपालिकामा सङ्घीय सरकारले प्रमुख प्रशासकीय अधिकृत पठाउन सकेको छैन ।**

**मधेशदृष्टि**
**वीरगंज ।**

अघिल्लोपटक प्रधानमन्त्री थिए केपी शर्मा ओली र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री थिए हृदयेश त्रिपाठी । उनका पालामा मुलुकका १ सय १० स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत थिएनन् । मन्त्री त्रिपाठीले भनेका थिए, 'प्रमुख प्रशासकीय अधिकृत पनि पठाउन नसक्ने अवस्था छ ।'

यसो हुनुमा चैँ कतै पार्टीका नेताहरुको स्वार्थ, कतै सरकारमा पार्टीको हालिमुहाली तर स्थानीय पार्टीमा फरक पार्टीको नेतृत्व असफल पार्ने राजनीति दाउपेच मुख्य थियो । यो रोग अरु बढेर गएको छ । त्यतिखेर त्रिपाठी स्वतन्त्र जितेर ओलीको मन्त्रिमण्डलमा मन्त्री भएका थिए ।

अहिले फेरि सरकारको नेतृत्व केपी शर्मा ओलीकै छ । २५ सदस्यीय मन्त्रिपरिषद्मा मधेशका एक चौथाइ नै मन्त्री छन् । तीमध्ये मधेशकै पर्साका ३ मन्त्री छन् । तिनमा पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री पर्साकै र प्रधानमन्त्रीकै पार्टीका राजकुमार गुप्ता छन् । तर मन्त्री गुप्ताको पर्सा जिल्लाकै स्थानीय तहमा पनि प्रमुख प्रशासकीय अधिकृतको समस्या कम छैन । केही समयअघि पर्साकै बहुदरमाई नगरपालिकामा मेयर र प्रमुख प्रशासकीय अधिकृतबीचको लडाइँले नगरपालिका थिलोथिलो भयो । आगजनीको सिकार भयो । बल्लबल्ल सबैले सहमतिको बिन्दु खोजेर नगरपालिका सञ्चालनमा ल्याएका छन् । मन्त्री गुप्ताले पनि सकभर स्थानीय तहलाई दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत पठाउन जोडबल नै गरेको देखिन्छ । तर स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत जानै मान्दैनन् । गए पनि टिक्दैनन् । यसको सिकार स्वयम मन्त्रीको जिल्ला पर्सा र उनको प्रदेश मधेश प्रदेश नै बढी भएको देखिएको छ ।



©RATOPATI / KRISHNA KHADKA

देशभरका ७ सय ५३ स्थानीय तहमध्ये २ सय २७ वटामा प्रमुख प्रशासकीय अधिकृत अभाव देखिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार मधेश प्रदेशमै सबैभन्दा बढी ६७ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत छैनन् । मधेशमा १ सय ३६ स्थानीय तह छन् । अर्थात् मधेशका करिब ४८ प्रतिशत स्थानीय तह निमित्तका भरमा छन् । यो रोग हृदयेश त्रिपाठीको कालदेखि बढेर गएको हो । घट्नु पर्नेमा झन बढ्दै जाँदा मधेशमा झण्डै आधाजसो स्थानीय तहको सेवा प्रवाह कमजोर हुनुमा प्रमुख प्रशासकीय अधिकृतविहीनता देखिएको छ ।

मधेश प्रदेशको एक मात्र महानगर वीरगंज, एक उपमहानगर, ४६ नगरपालिका र १९ गाउँपालिकामा सङ्घीय सरकारले प्रमुख प्रशासकीय अधिकृत पठाउन सकेको छैन । कोशी प्रदेशको विराटनगर महानगरपालिकासहित अन्य ३० स्थानीय तह, धरान उपमहानगरसहित १२ नगरपालिका र १७ गाउँपालिकामा पनि प्रमुख प्रशासकीय अधिकृतविहीन छ । काठमाडौँ महानगर र धरान उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत लामो समय टिक्न नसक्ने समस्या देखिएको छ । काठमाडौँका मेयर बालेन्द्र शाह (बालेन) ले दुई प्रशासकीय अधिकृत भ्रष्टाचारमा संलग्न भएको भन्दै हटाएको दाबी गरेका छन् भने धरानमा २०७९ पछि पाँच जना प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन् । धरानका मेयर हर्क साम्पाङको दबाबका कारण प्रशासकीय अधिकृतले राजीनामा दिने अवस्था आएको थियो । उपसचिव प्रज्ञादेवी निरौलाले सामाजिक सञ्जालमार्फत दबाबको सङ्केत गरेपछि उनलाई हटाइएको थियो । सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले जनप्रतिनिधि र कर्मचारीबीच समन्वय आवश्यक रहेको बताएको छ ।

समितिका संयोजक खिमलाल देवकोटाका अनुसार प्रशासकीय अधिकृतलाई अनुकूल वातावरण उपलब्ध गराउन सके मात्र उनीहरू खटाइएका स्थानमा जान इच्छुक छन् । सङ्घीय मामिला मन्त्रालयले रिक्त पदपूर्ति गर्न छिट्टै निर्णय लिने बताएको छ । प्रमुख प्रशासकीय अधिकृतको अभावका कारण स्थानीय तहमा बजेट कार्यान्वयन, सेवा प्रवाह, सामाजिक सुरक्षा भत्ता वितरणलगायतका कार्य प्रभावित भइरहेको छ ।

# कोशी ब्यारेज क्षेत्रमा २६ दिनदेखि अनशन




**मधेशदृष्टि**
**राजविराज ।**

विभिन्न २० बुँदे माग राखेर मलाह समुदायका अगुवाले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको कोशी ब्यारेज क्षेत्रमा रिले अनशन बसेको मंगलबार २६ दिन पुगेको छ ।

नेपाल मलाहा कल्याण संघको अगुवाइमा माघ २५ गतेदेखि रिले अनशन शुरु भएको हो । उनीहरुले सरकारी स्वामित्वमा रहेका मत्स्य फार्म, सिमसार र रिजरभ्वायरमा मलाहा जातिलाई ५० प्रतिशत आरक्षण मागेका छन् । यस्तै, संघीय र सात वटै प्रदेशमा मत्स्य मन्त्रालय स्थापना गरी आवश्यक कर्मचारी भर्नामा मलाह जातिलाई प्राथमिकता दिन माग राखेका छन् । सरकारले ठेक्का लगाउँदै आएको सार्वजनिक पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ दाउरा संकलनलगायतका कार्यमा मलाहालाई मात्र उपलब्ध गराइनु पर्ने उनीहरुको माग छ ।

मंगलबार अनशनमा पूर्ववडाध्यक्ष सुन्देश्वर मुखियाको नेतृत्वमा बच्चालाल राम मुखिया, जिवछ मुखिया, बिलेखन मुखिया, रघु मुखिया, मोहीत मुखिया, मनिष मुखिया, रेखा देवी मुखिया, चन्द्रिका देवी मुखिया र ललिता देवी मुखियालगायत ११ जना अनशन बसेका थिए । रिले अनशनमा अहिलेसम्म नेकपा एमालेका उपसचिव प्रदीप ज्ञवाली, जनमत पार्टीका नेता जयकान्त राउत, मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखी, पूर्व सिँचाइमन्त्री उमेश यादवलगायतका नेता पुगेर माग पूरा गराउन पहल गर्ने आश्वासन दिएको बताइएको छ । तर माग पूरा नभएसम्म आफूहरु घर नफर्किने उनीहरुको अडान छ । नेपाल मलाहा कल्याण संघका राष्ट्रिय अध्यक्ष नारायण मुखिया भन्छन्, 'आश्वासनमा हामी विश्वस्त छैनौँ, माग पूरा नभएसम्म फर्कदैँनौँ ।'

नेता र मन्त्री आएर आश्वासन मात्र दिने गरेकाले रिले अनशन २६ औँ दिन पनि जारी राखेको संघका सप्तरी जिल्ला अध्यक्ष पञ्चलाल मुखियाले बताए । २० बुँदे माग राखेर यसअघि पनि २०६४ देखि पटकपटक तत्कालीन सरकारका प्रमुखलाई ज्ञापन पत्र बुझाए पनि आश्वासनबाहेक केही नपाइएको संघका सचिव सुकलाल मुखियाले बताए । पछिल्लोपटक पुस १४ गते प्रधानमन्त्री, गृहमन्त्रीलगायतका सरोकारवाला निकायका प्रमुखलाई ज्ञापन पत्र बुझाइए पनि माग सम्बोधनमा कुनै पहल नभएकाले बाध्य भई अनिश्चितकालीन रिले अनशन थालिएको मलाहा जातिका अगुवाहरुको भनाइ छ ।

# डिएसपीलाई कारबाही माग गर्दै पीडितको धर्ना

**मधेशदृष्टि**
**रौतहट ।**

जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपककुमार रायलाई कारबाही माग गर्दै पीडित परिवार धर्नामा बसेको छ । बोधिमाई नगरपालिका–८ का स्थानीय गंगाराम बैठालाई झुठो मुद्दामा फसाउन चलखेल गर्ने डिएसपी रायलाई कारबाही र बैठालाई रिहा गर्नुपर्ने उनीहरुको माग छ । बोधिमाई नगरपालिका, बंकुल बजारको दुर्गा मन्दिर छेउमा उनीहरु धर्ना बसेका छन् ।

बैठाकी पत्नी चमेली देवी, छोरा दीपेन्द्र बैठा, छोरी दुर्गा रजत, भाइ सुरेश बैठा, धिरज बैठासहित स्थानीय एवम् छिमेकी पनि धर्ना बसेका छन् । पीडित परिवार धर्नामा बसेपछि रौतहटका प्रहरी उपरीक्षक (एसपी) दिलिप घिमिरेले बैठा तोडफोड घटनामा संलग्न रहेको र पुरानो कर्तव्य ज्यान मुद्दामा थुनछेक बहस हुँदा पुर्पक्षका लागि थुनामा राख्ने अदालतको आदेशअनुसार गौर कारागारमा रहेको बताए ।

डिएसपी रायले विज्ञप्ति जारी गर्दै तथ्यहीन, भ्रामक तथा झुठा स्ट्याटस सामाजिक सञ्जालमा लेखेर बदनाम गराउन खोजेकाले त्यसमा विश्वास नगर्न भन्दै त्यस्तो कार्यप्रति प्रहरीको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । पुस ८ गते बोधिमाई नगरपालिका, वडा नम्बर ८, सरमुजवामा नाला निर्माणका लागि अतिक्रमित जग्गा खाली गराउनेक्रममा ढुंगामुढा भएको र जेसिभीमा तोडफोड गर्ने कार्यमा बैठा संलग्न रहेको डिएसपी रायले बताए । साथै, आपराधिक उपद्रव मुद्दा चल्दै गर्दा २०५९ भदौ २९ गते दर्ता भएको कर्तव्य ज्यान मुद्दामा समेत बैठा प्रतिवादी रहेको र मुद्दा मुल्तबीमा रहेकाले अदालतको माघ ६ गतेको थुनछेक बहसमा बैठालाई पुर्पक्षका लागि गौर कारागारमा राखिएको डिसपी रायले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।



यता, डिएसपी रायको विज्ञप्ती सार्वजनिक भएपछि तोडफोडको घटनामा बैठा संलग्न रहेको भन्ने कुरा प्रमाणित गर्न आमजनता पार्टी (आजपा)का महासचिव त्रिभुवन साह अमरले चुनौती दिएका छन् । 'घटनामा वृद्ध गंगाराम बैठाको संलग्नता पुष्टि गर्न डिएसपी साहेबलाई चुनौती दिन चाहन्छु । घटनास्थलमा हुँदै नभएका व्यक्तिलाई दोषी करार गर्नु अपराध हो कि होइन ? हो भने तपाईं स्वयम् दोषी हो । यसमा नेपाल प्रहरीका सम्बन्धित निकायले छानबिन गरोस् भन्ने माग गर्दछु,' महासचिव साहले फेसबुकमा स्ट्याटस लेखेका छन् ।

# वडाध्यक्षले मनोपोलीविरुद्ध स्थानीय आक्रोशित

**मधेशदृष्टि**
**राजविराज ।**

सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर ६ का वडाध्यक्ष बद्री नारायण सरदारले प्रकृया, पारदर्शिता उल्लंघन गर्दै काम गर्न लागेको स्थानीयले आरोप लगाएका छन् । मंगलबार पत्रकार सम्मेलन गर्दै उनीहरुले यस्तो आरोप लगाएका हुन् ।

स्थानीय रञ्जीत भगतले वडाध्यक्ष सरदार बढीजसो कार्यालय नबस्ने, आएका बखत पनि आसपासको चियापसल तथा अन्य ठाउँमा बसेर समय बिताउने गरेका कारण उनीमार्फत हुने गरेका काममा सेवाग्राहीलाई हैरानी हुने गरेको बताए ।

'सिफारिस गराउन पनि वडाध्यक्षको घर धाउनु पर्छ,' उनले भने, 'वडाध्यक्ष प्रायः कार्यकक्षमा भेटिदैँनन् ।' उनले उपभोक्ता समिति गठन गरे पनि वडाध्यक्ष सरदारले सूचना नै ननिकाली आफ्ना नजिककालाई राखेर गोप्य ढंगले समिति गठन गरेको बताउँदै भने, 'विगत २ वर्षदेखि हालसम्मका वडामा गठित उपभोक्ता समितिको तथ्यांक माग गर्दासमेत दिन मानेका छैनन् ।'

स्थानीय बुदुर चौधरीले पनि वडाध्यक्षबारे यस्तै बताए । वडास्थित श्री लुलसज माध्यमिक विद्यालय तेरौहतामा भवन निर्माणका लागि आएको ५५ लाख रुपैयाँ बजेट टेन्डर र कुनै सूचना ननिकाली काम शुरु गरेको र निवेदन दिएर जानकारी माग्दा गाउँपालिका कार्यालय र विद्यालयमा गएर बुझ्न भन्दै तोक लगाएर फिर्ता पठाइदिएको उनले गुनासो गरे ।

स्थानीय रवीन्द्र सरदारले राजेन्द्र दासको घरदेखि ईश्वर भगत र नन्दकिशोर भगतको घरदेखि गैंड सिंह मन्दिरसम्मको आरसिसी ढलान कामको गुपचुप वडाध्यक्षले उपभोक्ता समिति गठन गरी सर्वसाधारणलाई जानकारीसम्म नदिएको गुनासो गरे । वडाध्यक्ष सरदारले लुलसज माध्यमिक विद्यालयका लागि आएको रकम विद्यालयकै खातामा रहेको भन्दै त्यससम्बन्धी कागजात र कुनै अभिलेख वडा कार्यालयमा नरहेको बताए ।

उपभोक्ता समिति गठन गर्दा त्यसबारे ठाउँठाउँमा सूचना टाँस गरेर मात्र समिति गठन गरिएको उनको दाबी छ । स्थानीयले भने सम्पूर्ण प्रकरण छानबिन माग गरेका छन् ।

# पित्तलको भाँडासहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ३ लाख मुल्य बराबरको पित्तलको भाँडासहित एक जनालाई पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नं.१५ लक्ष्मणवा र भेडियाही गाउँको बीचको चौरबाट प्रहरीले पित्तलको भाँडासहित एक जनालाई पक्राउ गरेको हो । भारत बिहार मोतिहारी ग्राम फुलवरिया घर भई वीरगंज महानगपालिका–१० रानीघाट बस्तत्रे २० वर्षका निरज कुमार साहलाई पक्राउ गरेको हो । बरामद सामानहरु थप अनुसन्धानका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको जिल्ला पर्सा प्रहरीले जनाएको छ ।

# गुजराको सिमरीमा लदी पूजा

**मधेशदृष्टि**
**रौतहट ।**
गुजरा नगरपालिका, वडा नम्बर ३, सिमरीमा माझी जातिको महान पर्न लदी पूजा गरिएको छ । माझी जातिको पहिचान, सिमरी एकताको अभियान भन्ने मूल नाराका साथ सिमरी एकता समाजद्वारा लदी पूजा गरिएको हो ।
पूजामा माझी समुदायले जलपूजा गर्दछन् । माझी समुदायले परम्परागतरुपमा लदी पूजा गर्दै आएका छन् । माझी समुदायले जलदेवता सम्झना गर्ने चलन छ । माझी समुदायले डुंगा चलाउने र माछा मार्ने काम सदियौंदेखि गर्दै आएका छन् । यो काम गर्ने बेला जलदेवता स्मरण गरिन्छ ।
यसैगरी, जलदेवता सम्झने परम्परा नै लदीपूजाको स्वरुप हो । नदीको पूजा र प्रार्थना गरिन्छ । उनीहरुले ३३ कोटी देवीदेउता भाकेर नदी किनारामै पूजा गर्छन् । पूजा गर्दा कृषि औजार, माछा मार्ने जाललगायत औजार सबै राखेर पूजा गर्ने र बलि चढाउने चलन छ ।
शिवरात्रि सकिएपछि लदी पूजा गर्ने चलन छ । फागुन महिनाको तेस्रो मङ्गलबार लदी पूजा मनाउने चलन छ ।
कार्यक्रममा प्रमुख अतिथि गुजरा नगरपालिका वडा नम्बर २ का वडाअध्यक्ष अशोक चौधरीले हरेक जाति र समुदायको पर्व त्योहारमा स्थानीय सरकारले आर्थिक सहयोग गर्नुपर्ने धारणा व्यक्त गरे । यसका लागि आफूले पहल गर्ने प्रतिबद्धता जनाए । गुजरा नगरपालिका वडा नम्बर ४ का वडाअध्यक्ष झमक प्रसाद चौलागाईंसहित प्रहरीलगायत स्थानीय भद्रभलादमीको उपस्थिति थियो ।

# वन डढेलो नियन्त्रणसम्बन्धी तालिम सम्पन्न



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लामा वन डढेलो नियन्त्रणका लागि आयोजित जनचेतनामूलक फिल्ड डेमो तालिम सम्पन्न भएको छ । मंगलबार चन्द्रनिगाहपुरको एक होटलमा डिभिजन वन कार्यालय रौतहटको आयोजनामा तालिम सम्पन्न भएको हो । तालिमको उद्घाटन गर्दै इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख उपसचिव जनक पन्तले वन डढेलो नियन्त्रणमा जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकताको बारेमा धारणा राखे । उनले पर्चा, पम्पलेट र होर्डिङ बोर्ड जस्ता उपकरणहरूको प्रयोग गरेर जनस्तरमा सूचना पु¥याउने महत्त्व औंल्याए । साथै, विगतका घटनाबाट पाठ सिक्दै सम्बन्धित पक्षबीच समन्वय गर्नुपर्ने आवश्यकता रहेको बताए । डिभिजन वन कार्यालय रौतहटका प्रमुख वन अधिकृत हेमन्त साहले डढेलो नियन्त्रणका लागि विभिन्न सरोकारवाला निकायहरूको सहकार्य अपरिहार्य रहेको बताउँदै नागरिकलाई सचेत बनाउन जरूरी रहेको धारणा राखे ।
तालिममा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले डढेलो नियन्त्रणका उपायहरू प्रस्तुत गरेका थिए । डिभिजन वन कार्यालयले जिल्ला विपद् व्यवस्थापन समितिको प्रतिकार्य योजनासँग समन्वय गर्दै आगामी दिनहरूमा अल्पकालीन र दीर्घकालीन योजनाहरू अघि बढाउने प्रतिबद्धता जनाएको छ । कार्यक्रममा सामुदायिक वन, सुरक्षा निकायका प्रमुखहरू, वन क्षेत्रका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

# जसपा नेपालले सरकारलाई समर्थन कायम राख्ने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन तत्काल फिर्ता नलिने भएको छ । तीन दिनसम्म काठमाडौँमा बसेको केन्द्रीय समितिको बैठकले सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय गरेको पार्टी प्रवक्ता मनिष सुमनले बताए ।
सरकारले ल्याएको 'सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१', र 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' सहित पाँच वटा अध्यादेशमा सर्मथन गर्ने भए पनि 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' को भने विरोधमा जसपा नेपाल उभिएको छ ।
जसपा नेपालले 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', र 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', 'सुशासन प्रवद्र्धनसम्बन्धी अध्यादेश, २०८१' मा समर्थन गरेको छ ।
बैठकले भ्रष्टाचार अन्त्य, सुशासन, विकास र संविधान संशोधनका लागि वर्तमान सरकारले काम गर्न नसकेको निष्कर्ष निकाले पनि समर्थन कायमै राख्ने निर्णयमा जसपा नेपाल उभिएको छ ।
बैठकले पाथिभरामा बन्न लागको केबलकारविरुद्धको 'नो केबलकार अभियान' प्रति समर्थन जनाउँदै वार्ता र संवादमार्फत समस्याको समधान गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको पनि सुमनले जानकारी दिए ।

# गरुडामा समाजवादीको नगर अधिवेशन

**आरके श्रीवास्तव**
**रौतहट ।**
नेकपा एकीकृत समाजवादीको दोस्रो गरुडा नगर अधिवेशन भएको छ । नेकपा एकीकृत समाजवादी पार्टी नगर अध्यक्ष अशोक प्रसाद यादवको अध्यक्षतामा नगर अधिवेशन भएको हो ।
अधिवेशनबाट अशोक प्रसाद यादवकै अध्यक्षता ४३ सदस्यीय नगर कमिटी गठन



भएको छ । नवगठित नगर कमिटी उपाध्यक्षमा मोसहर आलम, सचिव पंकज कुमार जयसवाल, सहसचिव सुशीलादेवी जयसवाल, गजेन्द्र सहनी, सदस्य इन्दुदेवी राम, वीरेन्द्र पटेल, सरिता देवी सहनीलगायत ४३ सदस्यीय नगर कमिटी गठन गरिएको छ । नवगठित नेकपा एकीकृत समाजवादी पार्टीको गरुडा नगर कमिटीका सम्पूर्ण पदाधिकारीलगायत सदस्यको कार्यकाल सफलताको शुभकामनासहित वक्ताहरुले हार्दिक बधाई ज्ञापन गरेका छन् । नेकपा एकीकृत समाजवादीका उपमहासचिव रामकुमार भट्टराईले पार्टीको अधिवेशनबारे प्रकाश पार्दै पार्टीको विधानअनुसार प्रत्येक २–२ वर्षमा हुने अधिवेशनले पार्टीलाई नयाँ दिशा प्रदान गर्ने भएकाले अधिवेशनबाट चयन भएका पार्टीको नेतृत्वकर्ताले पार्टीलाई गाउँगाउँ, टोलटोलमा विस्तार गरेर स्थानीय सरकारले विभिन्न बहानामा गर्दै आएको भ्रष्टाचारविरुद्ध अभियान चलाइ सर्वसाधारणले तिरेका कर रकमको सदुपयोगमा भूमिका निर्वाह गर्न अपील गरे ।
कार्यक्रम सञ्चालन गरुडा–४ का युवा नेता पंकज जयसवालले गरेका थिए । कार्यक्रममा स्थायी कमिटी सदस्य कल्याणी खड्का, स्थायी कमिटी सदस्य नागेन्द्र चौधरी, पोलिटब्यूरो सदस्य सरला यादव, केन्द्रीय सदस्य महेन्द्र चौलागाई, जिल्ला अध्यक्ष कमल राय यादव, प्रदेश कमिटी सदस्य तथा गरुडामा मेयर प्रत्याशी बृजकिशोर यादव, नेता रामभरोस राय यादव, महिला नेत्री इन्द्रमाला देवी जयसवाल, गरुडा महिला संघ नगर अध्यक्ष सरिता सहनी, गढीमाई नगरपालिकाका नगर अध्यक्ष, गढ़ीमाई–८ को नव निर्वाचित वडा अध्यक्ष बजरंगी राय यादव उर्फ प्रमोद यादव, विभिन्न तह तपकाका नेता कार्यकर्तालगायत गरुडा नगरका नेता कार्यकर्ताको उपस्थिति थियो ।

# धमिनी खोलामा पुल निर्माणले स्थानीयलाई राहत

**सिरहा ।**
गोलबजार नगरपालिका–३ स्थित धमिनी खोलामा पुल (कजवे) निर्माण हुँदा वडा नम्बर १ र ३ का स्थानीयलाई आवतजात गर्ने निकै सहज भएको छ ।
नगरपालिकाले श्रम–प्रधान सार्वजनिक निर्माण कार्य विकास कार्यक्रमको सहयोगमा कजवे पुल निर्माण गरेसँगै अब स्थानीयवासीले सुरक्षित रूपमा यात्रा गर्न पाउने भएका छन् ।
कजवे निर्माणमा १५ लाख रुपैयाँ खर्च भएको वडा नम्बर ३ का वडाध्यक्ष धनप्रसाद लामाले जानकारी दिए । उनका अनुसार करिब २० दिनमा उपभोक्ता समितिमार्फत सम्पन्न भएको यस पुलको निर्माण कार्यमा स्थानीयले श्रमदान गरेका थिए । लामो समयपछि खोलामा पुल निर्माण हुँदा प्रत्यक्षरूपमा गोलामुक्सारवासीलाई लाभ पुगेको छ ।
गोलबजारबाट उत्तरतर्फ करिब पाँचसय मिटरको दूरीमा रहेको धमिनी खोलामा पुल बनेसँगै स्थानीयको बजारसँगको दूरी छोटिएको छ । 'वर्षौंदेखिको समस्या समाधान भएको छ । वर्षाको समयमा पनि अब सुरक्षित र सहज यात्रा गर्नसक्ने भयौँ,' स्थानीय पर्वत लामाले खुसी व्यक्त गर्दै भने, 'पुल बनेसँगै बजारसँगको दूरी पनि छोटिएको छ । पहिले सामान ढुवानी गर्न धेरै समस्या थियो । अब पुल बनेपछि बजारसम्म सजिलै पुग्न सकिने छ ।'
वर्षाको समयमा खोला बाढी आउँदा गाउँमै थुनिनुपर्ने, जोखिमपूर्ण यात्रा गर्नुपर्ने, साइकल तथा मोटरसाइकल दुर्घटनामा पर्नेजस्ता समस्याबाट मुक्ति मिलेको अर्का स्थानीय नरबहादुर आलेले बताए । उनका अनुसार वडा नम्बर १ र ३ का करिब एकसय २० स्थानीय घरपरिवारलाई खोला पार गरेर एक गाउँबाट अर्को गाउँ जान राहत पुगेको छ ।
विगतमा पुलको अभावले आकस्मिक स्वास्थ्य सेवा समेत प्रभावित हुने गरेको भन्दै नगरप्रमुख श्यामकुमार श्रेष्ठले धमिनी खोलामा पुल बनेसँगै गर्भवती महिला, बिरामी तथा वृद्धवृद्धालाई प्रत्यक्ष लाभ पुगेको उल्लेख गरे । उनले पुल निर्माणले स्थानीयको दैनिक जीवन मात्र नभई आर्थिक, सामाजिक, स्वास्थ्य तथा शैक्षिक क्षेत्रमा समेत सुधार ल्याउने विश्वास व्यक्त गरे । रासस




# वनको दिगो व्यवस्थापन आवश्यकः उपराष्ट्रपति

**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले वन संरक्षण, प्रवद्र्धन र दिगो व्यवस्थापनका लागि सरकार, सरोकारवाला निकाय, स्थानीय समुदाय तथा प्राविधिक विज्ञहरूबीच समन्वयको आवश्यकता रहेको बताएका छन् । काठमाडौँमा आयोजित नेपाल वन प्राविधिक सङ्घको स्वर्ण महोत्सव समारोहलाई सम्बोधन गर्दै उनले वनसम्बन्धी नीतिगत सुधार, नवीन प्रविधिको प्रयोग र वैज्ञानिक अनुसन्धानलाई प्राथमिकतामा राखेर वन क्षेत्रको समृद्धि सुनिश्चित गर्न सबैको साझा प्रयास आवश्यक रहेको बताए । उनले 'हरियो वन नेपालको धन' भनेर चिनिएको नेपालको ठूला प्राकृतिक स्रोतको केन्द्र वन भएकाले यसमा सबैको समान पहुँच जरूरी रहेको उल्लेख गर्दै नेपालको कूल जमिनको ४६ प्रतिशत ढाकेको वन क्षेत्रलाई कायम राख्दै थप विस्तारमा टेवा पुग्ने योजनाका साथ अघि बढ्नु निर्विकल्प रहेको बताए । 'नेपालको संविधानको निर्देशक सिद्धान्तहरूमा धारा ५१ मा उल्लेखित 'जनसाधारणमा



वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वद्र्धन र दिगो उपयोग गर्ने' उद्देश्यबाट परिलक्षित छ', उपराष्ट्रपति यादवले भने, 'वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने उद्देश्य पनि संविधानमा उल्लेख छ । यी उद्देश्य र नीतिहरूलाई कार्यान्वयनमा ल्याउन सबैको भूमिका उत्तिकै महत्त्वपूर्ण भए पनि नेपाल वन प्राविधिक सङ्घको जिम्मेवारी झनै बढी छ ।'
कार्यक्रममा उनले पछिल्लो समय तराई–मधेसमा पानीको सतह तल गएको र पानीको स्रोतहरू सुक्दै गएको अवस्थामा यसलाई रोक्न प्राविधिक सङ्घले गर्नसक्ने कार्यहरूको योजना र रणनीति तर्जुमामा सरकारलाई सुझाव र सल्लाह दिएर नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताए । 'आयमुखी वन व्यवस्थापनका लागि वन उद्यमी तथा सरोकारवालालाई अभिप्रेरित गर्न आवश्यक छ', उनले भने, 'वन, वनस्पति र वन्यजन्तुको संरक्षणका लागि प्राविधिक सङ्घले स्वदेश तथा विदेशका सरोकारवालासँग समन्वय गरेर जैविक विविधता संरक्षण, जलवायु परिवर्तनलगायतका मुद्दालाई अन्तर्राष्ट्रिय जगत्मा उठाउन सरकारलाई सहयोग गर्नुपर्दछ ।' वन, वनस्पति र वन्यजन्तु आवाजविहीन भएकाले आवाज बनेर यो सङ्घले स्वदेश तथा विदेशका सरोकारवालाबीच नेपाल अनुकूल धारणा अवलम्बन गर्दै जैविक विविधता संरक्षण, जलवायु परिवर्तनलगायतका मुद्दालाई अन्तर्राष्ट्रिय जगत्मा उठाउन सरकारलाई थप सहयोग गर्नुपर्ने उपराष्ट्रपतिको भनाइ छ ।
'समयसापेक्ष आफूलाई परिस्कृत गर्दै नवीकरणीय प्राकृतिक स्रोत वनलाई मानवीय–प्राणीजन्य दखल नपुग्ने गरी स्वचालित रूपमा नवीकरण हुने अवस्थामा पु¥याउन सङ्घका सदस्यले आफ्नो ज्ञान, सीप र दक्षता प्रदर्शन गर्न सक्नुपर्दछ', उपराष्ट्रपति यादवले भने, 'यस सङ्घले प्राविधिक विशेषज्ञता अभिवृद्धि गर्दै देशभरका वन प्राविधिकलाई एकताबद्ध गरी सामाजिक, आर्थिक र वातावरणीय हितका लागि निरन्तर प्रयासरत रहन आवश्यक छ ।' रासस

# माध्यमिकी परिक्रमाका यात्री महोत्तरीको मडैमा

**मधेशदृष्टि**
**महोत्तरी ।**
मिथिला माध्यमिकी परिक्रमाका यात्री मंगलबार महोत्तरी गाउँपालिकाको मडै पुगेका छन् । सोमबार जलेश्वरमा पाँचौँ दिनको रात्रि विश्राम गरेका उनीहरु मिथिलाविहारी (श्रीराम) र किशोरीजी (सीताजी)का प्रतिमा राखिएका डोला (डोली) साथ मडै पुगेका हुन् । मडैमा डोलासहितका यात्रीलाई महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलीपकुमार पाण्डेसहितका गाउँवासीले स्वागत गरेका छन् ।

आइतबार मटिहानीबाट महोत्तरी प्रवेश गरेका यात्रीको जिल्लाको तेस्रो र यात्राको छैटौँ दिनको पडावस्थल (विश्रामस्थल) हो । जलेश्वरबाट चार किलोमिटरको दूरीको मडै




अहिले परिक्रमाका यात्री र परिक्रमा मेला हेर्न आउनेको भीडले खचाखच छ । मडै पुगेपछि यात्रामा महोत्तरीको कुल दूरी २५ किलोमिटरमध्ये नौ किलोमिटर पूरा भएको छ । अब सातौँ दिन ध्रुवकुण्ड र आठौँ दिन कञ्चनवन रात्रिबासपछि महोत्तरीको यात्रा पूरा हुनेछ । फागुन औँसीका दिन धनुषाको कचुरीस्थित मिथिलाविहारी मन्दिरबाट शुरु भएको १५ दिने डोलायात्रामा धनुषा, महोत्तरी र भारतको मधुवनीसहितका एक सय ३३ किलोमिटरको वृतभित्र यात्रा गरिन्छ । यसमा महोत्तरीमा पाँच, धनुषामा छ र मधुवनीमा चार रात्रिबासको परम्परा छ । अघि त्रेतायुगमा राम सीताले विवाहपश्चात मिथिलाका विभिन्न क्षेत्रमा वनविहार गरेका पदचाप पछ्याउँदै १८औँ शताब्दीमा परिक्रमा परम्परा सुरु भएको मानिन्छ । राम सीताको डोलासहित गरिने यो यात्रा कल्याणदायक र मोक्षदायक रहेको मैथिल जनविश्वास छ ।

यसैबीच नेपाल भारत खुला सीमा सम्वाद समुह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा मिथिला मध्यमा परिक्रमा यात्रीहरुको लागि संचालन गरिएको स्वास्थय शिविर मडईमा यात्रीहरुलाई सेवा गरिरहेको छ । हनुमाननगरदेखि संचालनमा ल्याइएको शिविरबाट सयौं भक्तजनहरुलाई सेवा प्रदान गरिसकेको सम्वाद समुह र क्लोथ बैंकका अध्यक्ष राजिव कुमार झाले जानकारि दिए । शिविर हनुमाननगर, मटिहानी, जलेश्वर हुँदै मंगलबार मडईमा सेवा प्रदान गरिरहेको छ । परिक्रमा रहेका यात्रीहरुलाई स्वास्थय सम्वन्धि सेवा प्रदान गर्नका लागि दिपक कुमार यादवको संयोजनमा समुह गठन गरिएको अध्यक्ष झाले बताए । नेपालतर्फका सबै पडावमा शिविर संचालन गरि परिक्रमा यात्रुर्लाई सेवा प्रदान गरिने बताइएको छ । दिपक कुमार यादवको संयोजक र रुवी झाको सह संयोजनमा संचालन गरिएको शिविरमा यात्रुहरुलाई औषधि प्रदान गर्नुको साथै खोजतलाशमा पनि सहयोग गर्दै आइरहेको संस्थाका कार्यालय सचिव कृष्ण कुमार साहले जानकारी दिए ।



**बौद्ध गुम्बाको शिलान्यास:** मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले धनुषाको धनुषाधाम नगरपालिका–९ स्थित मङ्गलबार डाडाँटोल कान्छीबजारमा पायूल छ्यो खोरलिङ्ग बौद्ध गुम्बाको शिलान्यास गर्नुहुँदै। त्स्बिरः निरञ्जनकुमार साह/रासस

# सरसफाइमा जुटे बोदेबर्साईनका मेयर सिंह



**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको बोदे बर्साईन नगरपालिकामा निरन्तर रूपमा भइरहेको वडा नम्बर १ देखि १० सम्म सरसफाइ अभियानमा बोदे बर्साईन नगरपालिकाका नगर प्रमुख आतेश कुमार सिंह आफै जुटेका छन् । 'हाम्रो बोदे बर्साईन हामी बनाउँछौँ' अभियान अन्तर्गत मंगलबार नगर प्रमुख सिंह वडा नम्बर ४ को सरसफाइमा जुटेका हुन् । बोदे बर्साईन नगरपालिका स्वास्थ्य शाखाको आयोजना भएको सरसफाइ कार्यक्रममा वडा अध्यक्ष किरण कुमार साह, स्वास्थ्य शाखा संयोजक बैधनाथ साह, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्यकर्मी, स्थानीय लगायतको सहभागितामा बोदे बर्साईनका विभिन्न ठाउँमा सरसफाई गरिएको हो । नगरले आगामी आर्थिक वर्ष २०८१/०८२ लाई सरसफाइ वर्षका रुपमा मनाउने नीति लिएको छ । बोदे बर्साईन नगरपालिकाले केही साता सचेतनामूलक सरसफाइ अभियान सञ्चालन गरेर जथाभाबी फोहोर नगर्न आग्रह गर्ने र त्यसपछि पनि अटेर गरेर जथाभावी फोहोर गर्नेलाई कारबाही गर्ने तयारी गरेको छ । जथाभाबी फोहोर गर्नेलाई पाँच सय देखि ५ हजारसम्म जरिबाना गर्न सक्ने कानूनी व्यवस्था ल्याउने तयारीमा छ । फाल्गुन र चैत महिनाभर सचेतनामूलक सरसफाइ अभियान सञ्चालन गरिने र अटेर गरेर जथाभाबी फोहोर गर्नेलाई बैशाखबाट कानूनी कारबाही गरिने नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख बैधनाथ साहले बताए । यसैबीच बोदे बर्साईन नगरले हालसम्म नगर क्षेत्रका हजारौं सय घरधुरीलाई फोहोर फाल्ने डस्टबिन वितरण गरेको छ । नगरका सार्वजनिक स्थानहरुमा पनि सयौँ वटा डस्टबिन राखेर फोहोर संकलन गरी फोहोरमैला व्यवस्थापन केन्द्रमा लगेर फोहोर व्यवस्थापन गर्ने गरिएको छ ।

# म्याग्रस फर्माले नेपालमै पहिलो पटक नेजल ड्रपको उत्पादन शुरु गर्दै

**अफरोज अर्पण**
**वीरगंज ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २३ रामपुर टोकनीमा सञ्चालनमा रहेको म्याग्रस फर्मा प्रालिले नेपालमै पहिलो पटक नेजल ड्रपको उत्पादन शुरु गर्ने भएको छ । विगत १६ वर्षदेखि सञ्चालनमा रहेको म्याग्रस फर्माले करिब एक अर्बको लगानी थप्दै नेजल प्लान्टको स्थापनमा गरेको छ । मंगलबार वीरगंजमा पत्रकार सम्मेलनको आयोजना गरि उद्योगका प्रबन्ध निर्देशक सुधीर प्रकाश मास्केले नेपालमा रहेको दजनौं फर्मा कम्पनीहरुमध्ये म्याग्रसले निरन्तर उन्नति गर्दै आएको तथ्यांक प्रस्तुत गरे । नेपालमा म्याग्रसले सरोकारवाला समक्ष विश्वासको वातावरण सृजना गरेसँगै लागनी थपेर नेजल ड्रप उत्पादन गर्ने तयारी गरेको बताए । विगत दुई वर्षदेखि उद्योगले भेनेजोएला र मरिससमा औषधि निकासी गरिरहेको बताउँदै मास्केले नेपालले विदेशमा पनि औषधि निर्यात गरेर देशको अर्थतन्त्र बलियो बनाउन सक्ने बताए । नेपालमा खपत हुने कुल औषधिको १० प्रतिशत मात्रै अर्थात त्यो पनि 'नन इन्जेक्टेबल–ओरल सोलिड' औषधि प्रायः उत्पादन हुने



गरेको र बाँकी ९० प्रतिशत आषधि भारत र अन्य मुलुकबाट आयात हुदाँ त्यो आयातलाई प्रतिस्थापन गर्न उद्योग व्यवस्थापन समुहले इन्जेक्टेबल प्लान्ट लगाएको उनले बताए । 'नेपालमा अहिले पनि ५० प्रतिशत औषधि बाहिरी देशबाट आयात गर्नुपर्ने अवस्था छ । सरकारको नीतिमा सुधार गरियो भने हामीले द्रुत गतिमा औषधि निर्यात गर्न सक्छौँ ।' उनले भने, 'नेपालको नीति नै निजी कम्पनी मैत्री नहुँदा कुनैपनि उद्योगीले कुनै पनि क्षेत्रमा फाड्को मार्न सक्दैन् । यहाँ विश्वका धनाड्य एलन मस्क आएपनि सफल हुन सक्दैनन् ।'

मास्केका अनुसार, बैंकसँग ऋण लिएर उद्योगले अमेरिकन र भारतीय संयुक्त प्रविधिको आधुनिक प्लान्टको लागि विभिन्न औषधि उत्पादन गर्ने मेशिन भित्रियाएर त्यसको सफल परिक्षणसमेत गरिसकेको छ । ३ विघा क्षेत्रफलमा फैलिएको उद्योगमा करिब २ विघामा उद्योगको भौतिक संरचना छ । नयाँ प्लान्टसँगै औषधि भण्डारणको लागि वातानुकुलित ७ हजार ८८६ वर्गफिट क्षेत्रफल बराबरको आधुनिक वेयरहाउस पनि निर्माण गरिएको उद्योगका प्राविधिक निर्देशक सर्वोत्तम गिरीले बताए ।

गत आर्थिक बर्षमा उद्योगले करिब १ अर्ब १६ करोड बराबरको कारोबार गरेकोमा चालू आर्थिक बर्ष २०८१÷८२ मा उद्योगले १ अर्ब ४० करोड बराबरको कारोबार गर्ने लक्ष्य राखेको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । सन् २००९ देखि बजारमा औषधि बिक्री वितरण शुरु गरेको उद्योगमा अहिलेको लगानी थपिएसँगै उद्योगको कुल पूँजी करिब २५ करोडको हाराहारीमा पुगेको उद्योगका आर्थिक निर्देशक विनित लोहियाले जानकारी दिए । हाल उद्योगमा करिब ३ सय ६६ जना कामदारलाई प्रत्यक्ष रोजगारी दिइएको छ ।

उद्योगमा हालै थपिएको नयाँ प्लान्टले विभिन्न रोगको उपचारमा आवश्यक पर्ने इन्जेक्टिवल औषधिको भाइल र एम्पुल उत्पादनका साथै आँखा र कानमा प्रयोग हुने ड्रप, नाकमा लगाउने नेजल ड्रप, इन्जेक्सनसमेत उत्पादन गर्ने लक्ष्य राखेको उद्योगका प्रबन्ध निर्देशक मास्केले बताए । नेजल ड्रप नेपालमै पहिलो पटक उत्पादन भइरहेको र बैशाखाको पहिला साता बजारमा आइसक्ने उनले बताए । मुटु, छाती, मधुमेह, अल्जाइमर्स, मानसिक रोगको ओरल सोलिड(टयाब, क्याप्सुल)लगायत औषधि उत्पादन गर्दै आएको उद्योगको नयाँ उत्पादनले नेपालकै औषधि उद्योगको क्षेत्रमा आर्थिक क्रान्ति समेत ल्याउने मास्केले दाबी गरे ।

म्याग्रस फर्माले हालसम्म १ सय ९ ब्रान्डसहित २ सय ७ प्रकारका औषधि उत्पादन गरिरहेको छ । तीमध्ये ५ वटा नेपाली बजारमानै पहिलो पटल ल्याइएको र ३४ भन्दा बढी प्रकारकार औषधिहरु पहिलो पटक नेपालमा उत्पादन गरिरहेको छ । विश्व स्वास्थ्य संगठनको कुशल औषधि उत्पादन अभ्यास मापदण्ड अनुसार औषधि उत्पादन गर्दै आएको म्याग्रसले समय अनुसार प्रविधि र उत्पादन पद्धतिलाई परिमार्जन गर्दै आएको छ । जसले म्याग्रस फर्मालाई अत्याधुनिक उपकरण, दक्ष जनशक्ति र कुशल व्यवस्थापनयुक्त कम्पनीको दर्जामा स्थापित गरेका छ ।

# दाईजो मुक्त विवाह गर्ने दुई जोडी सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौंमा दाईजो मुक्त विवाह गर्ने दुई जोडीलाई दुई संस्थाले सम्मान गरेको छ । बाराको महागढीमाई नगरपालिका वडा नं १ बरियारपुर निवासी तथा राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय बाराका बरिष्ठ अनुसन्धान सहायक बिकाश कुमार साह पर्साको वीरगंज महानगरपालिका वडा नं १७ अलौं निवासी डा. रिमा साहसँग दाइजो बिना फाल्गुन १८ गते विवाह गरेका थिए । दाईजोको लागि छोरीलाई यातना, मानसिक तनाव दिने समाजमा दाईजो मुक्त विवाह गरी समाजमा उदाहरण पेश गरेको उक्त जोडीलाई दाईजो एवम् सामाजिक कुरीति बिरुद्ध जागरण मञ्च वीरगंज र बाल विवाह एवम् दाईजो उन्मुलन अभियानले विवाह मण्डपमै सम्मान गरेको थियो । उक्त जोडीलाई दाईजो एवम् सामाजिक कुरीति बिरुद्ध जागरण मञ्च वीरगंज पर्साका उपाध्यक्ष प्रकाश थारु, सचिव मनोज कुमार मिश्रा, वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबु सिंह, सञ्चारकर्मी अभिलाष गुप्ता र कन्हैया पटेलले दोसल्ला र माला ओढाई सम्मान पत्रद्वारा सम्मानित गरेको हो ।

# मधेश शहिद प्रतिष्ठानका सदस्य मृत फेला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश शहिद प्रतिष्ठानका सदस्य रामनरेश राय (यादव) आज जनकपुरधाममा मृत भेटिएका छन् । सर्लाहीको मलङ्गवा नगरपालिकाको गम्भरिया घर भएका ३७ वर्षीय यादव जनकपुरधामस्थित मधेश प्रदेश भवनभित्र मृत फेला परेका जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए । ओछ्यान नजिक यादवले वान्ता गरेको पाइएको र उनको मृत्युको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ । उनको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# लोसपा रौतहटको संयोजकमा साह

**मधेशदृष्टि**
**वीरगंज ।**
महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल रौतहटको जिल्ला संयोजकमा भरत साहलाई मनोनयन गरेको छ ।

लोसपाको अन्तरिम विधान प्रथम संशोधन अनुसार पुरानो जिल्ला संयोजकको स्थानमा भरत साहलाई मनोनयन गरेको हो ।

पार्टी केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले एक प्रेस विज्ञप्ति जारी गर्दै साहलाई संयोजकको जिम्मेवारी दिएको जनाएका छन् । भरत साह जिल्ला सदरमुकाम गौरका स्थानीय हुन् ।

उनी २०७४ को स्थानीय निर्वाचनमा गौर नगरपालिका १ का वडा अध्यक्षमा निर्वाचित भएका थिए । लोसपाले यसअघि स्थानीय कटहरिया नगरपालिका २ का रामप्रवेश दास तत्मालाई केन्द्रीय सदस्यमा मनोनीत गरेको थियो ।

## सम्पादकीय

# गुड्डु पटेल पक्राउ प्रकरणको रहस्य

*२०७९ असोज ४ गते काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ मा केही सार्पसुटरले घर पुगेर आँगनमा गाडी घुमाउने क्रममा लाल मोहम्मदलाई गोली हानेर मारे । उनलाई लखेटिलखेटी गोली हानेर भाग्नेहरु नेपाल प्रहरीको खोजी सूचीमा थिए । तीमध्ये एक थिए भारतीय शार्पसुटर गुड्डु पटेल । नेपालमा हुने भारतीय जाली नोटको कारोबारमा मोहम्मदको नाम जोडिँदै आएको थियो । र, घरमै उनको गोली हानेर हत्या भयो । मोहम्मद एभेन्जर इन्टरप्राइजेज वल्ड बेस्ट गार्मेन्टका सञ्चालक थिए । उनको घर सर्लाही हो । प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर १६ का २१ वर्षीय मोहराम मियाँ, वीरगंज महानगर वडा नम्बर १५ कै १९ वर्षीय रेहान मियाँ र मकवानपुर, बकैया गाउँपालिका वडा नम्बर १ घर भई काठमाडौँको कपन फैका बस्ने २१ वर्षीया सुमी भनिने सुस्मिता स्याङताङलाई पक्राउ गरेको थियो । यही फागुन १८ गते अर्थात् आइतबार साँझ फेरि काठमाडौँको टोखामा गोली चल्यो । गोली प्रहरीले चलाएको थियो र भारतीय नागरिक गुड्डु पटेल पक्राउ परेका छन् । तपाईंलाई यो पनि भनिदिउँ कि, यी तिनै भारतीय हुन्, जसले २०७९ असोज ४ गते लाल मोहम्मदलाई गोली हानेर भागेका थिए । गोडामा गोली लागेका गुड्डु पटेलको काठमाडौँस्थित ट्रमा अस्पतालमा उपचार भइरहेको छ । प्रश्न यो हो, गोली हानेर, नेपाल प्रहरीको आँखा छलेर भारतमै पुगेर गुण्डागर्दी, सुपारी उद्योग चलाइरहेका गुड्डु पटेल काठमाडौँ किन आए ? के समयै प्रहरीले गोली हानेर नियन्त्रणमा लिएकाले कोही अरु मारिनबाट जोगिएको हो ?*

*नेपाल प्रहरीका गुड्डु पटेल, लाल मोहम्मद हत्याका प्रमुख सुटर हुन र फरार थिए । एकाएक गुड्डु पटेल काठमाडौँको टोखामा रहेको सूचनाका आधारमा पक्राउ गर्न जाँदा अवरोध भएपछि प्रहरीले गोली हानेर नियन्त्रणमा लिएको हो । देब्रे घुँडामुनि गोली लागेको पटेलको उपचार चलिरहेको छ । उनी खतरामुक्त छन् । उनी नेपाल किन आए, किन फेरि टोखातिर बाँसको झ्याङतिर पुगे ? जे होस् एउटा मोस्ट वान्टेड प्रहरीले हात पारेको छ । गुड्डु पटेलको भारतीय गुण्डागर्दी उद्योगका बब्लु पासवानसँग संगत थियो । २०८१ वैशाख १६ गते प्रहरीले गोली हानेर नै बब्लु पासवानलाई पनि पक्राउ गरेको थियो भारतीय सीमामबजार रक्सौलको छेउमा । दुई राउन्ड गोली हानेर समातिएका पासवान र गुड्डुको कनेक्सन थियो । भारत तथा नेपालमा व्यक्ति अपहरण र फिरौतीको घटनामा संलग्न रहेको भनिएका पासवान पक्राउ परे लगत्तै पर्सा प्रहरीले सार्वजनिक गरेको दाबीमा उनलाई काठमाडौँको गोठाटारमा मारिएका लाल मोहम्मदको हत्यासँग जोडिएको थियो । प्रहरीले गरेको दाबी अनुसार उनी लाल मोहम्मद हत्याका मुख्य योजनाकार थिए । आइतबार बेलुका टोखामा पक्राउ परेको गुड्डु पनि लाल मोहम्मद हत्यामा जोडिएका पात्र हुन् । बब्लु पासवानले पनि गुड्डुसँगको कनेक्सन प्रहरीमा बताएका थिए ।*

*लाल मोहम्मद हत्याका आरोपी मेरिना तिवारी, राजु भनिने दिनेश, नितिन खान भन्ने नितिन मदान र मोहम्मद नेजामद्दीन फरार छन् । नेपालमा आफू मोस्ट वान्टेड रहेकोबारे जानकार गुड्डु नेपाल आएर किन जोखिम मोले ? कि उनी कसैलाई मार्न सुपारी लिएर काठमाडौँ आएका थिए । भारतीय सीमा बजार रक्सौलतिर सक्रिय गुड्डु, बब्लु पासवान र बब्लु श्रीवास्तवको कनेक्सन देखिएको छ । बब्लु श्रीवास्तव भारत, लखनउको जेलमा छन् । गुड्डुको चैँ रक्सौलमा आधा दर्जन बढी आपराधिक रेकर्ड छ । नेपालमा बेलाबखत मान्छेहरु मारिन्छन् । मारिनेमा मुस्लिम अनुहार बढी छन् । उनीहरु पाकिस्तानी खुफिया एजेन्सीको 'आइ्री' भएर नेपाल–भारतमा जाली नोटको कारोबार र लागुऔषधको कारोबार गर्ने भनेर भारतले खोजिरहेको अनुहार भनेर बेलाबखत भारतबाट निस्कने पुस्तकमा पनि उल्लेख हुने गर्छ । भारत सीमा सुरक्षा, खोटा सिक्काका कारोबारी र लागुऔषधको मुद्दा बहुत कठोर छ । यसपटक नेपाल प्रहरीले समातेको गुड्डु पटेल भारतमा पनि मुद्दा हुँदाहुँदै नसमातिएका व्यक्ति किन काठमाडौँको टोखा आए र समातिए ? नेपाल प्रहरीले केही बोलेको छैन । तर कतै उनी काठमाडौँ नै आएका हुन् भने फेरि कोही मार्न सुपारी लिएर आएको र प्रहरीले बेलैमा समातेकाले कोहीकसैको काल भने अलि पर सरेको पक्का हो । नेपाल प्रहरीको गुण्डागर्दीविरुद्ध कठोर नीतिलाई हामीले साथ दिनु पर्छ । यसो भनिरहँदा कोही पनि आग्रह या पूर्वाग्रहको सिकार नबनून् ।*

# चलचित्रमा नयाँ पुस्ता

**भेषराज कार्की**



निर्माणको सङ्ख्यात्मक वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण चलचित्रप्रति आकर्षण बढेको पाइन्छ । सोही कारण बेलाबखतमा यस क्षेत्रमा नयाँ अनुहारको आवश्यकता खड्किने गर्छ ।

एक दशकअघि देखि नयाँ पुस्ताका रूपमा प्रदीप खड्का, अनमोल केसी, सलोन बस्नेतको आगमन भएको कारण नयाँ पुस्ता चलचित्र भवनसम्म पुगे । उनीहरूले आफ्नो पुस्तालाई मुख्य कलाकारका रुपमा मात्र पाएनन्, आफ्नो कथा, लवज र जीवनशैली पनि पाए ।

नेपाली चलचित्रमा नयाँ अनुहार ल्याउने श्रेय 'होस्टेल' शृङ्खलालाई जान्छ। प्रदर्शन भइसकेको 'होस्टेल' र 'होस्टेल रिट्न्स' बाट चलचित्रमा 'डेब्यु' गरेका अभिनेता अनमोल केसी, सलोन बस्नेत, स्वस्तिमा खड्का, नाजिर हुसेनलगायत अहिले स्थापित बनिसकेका छन्।

कुनै समय नयाँ कलाकारलाई चलचित्रमा ल्याउन 'होस्टेल' शृङ्खला उपयुक्त मानिन्थ्यो। तर, विविध कारणले यसको दोस्रो शृङ्खलापछि तेस्रो बन्न धेरै समय लाग्यो । 'होस्टेल रिट्न्स' प्रदर्शन भएको एक दशकपछि यसको तेस्रो शृङ्खला 'होस्टेल ३' तयार भएर आउँदो फागुन २३ मा प्रदर्शन हुँदैछ ।

यसपटक चलचित्र निर्माण, निर्देशनदेखि अभिनय गरेका कलाकार नयाँ छन्। विशेषतः यसलाई 'नयाँ पुस्ता' को चलचित्र भन्न सकिन्छ। यस चलचित्र 'होस्टेल ३' मार्फत अभिनय यात्रा प्रारम्भ गर्नुभएका पदम तामाङ भारतको सिक्किममा बसोबास गर्छन् ।

आफ्नै 'युट्युब च्यानल'मार्फत विभिन्न हास्य व्यङ्ग्यात्मक कार्यक्रम निर्माण गरिरहेका तामाङले ती सब छाडेर चलचित्रमा अभिनय रोजे । 'मलाई बेलाबखतमा चलचित्रमा अभिनय गर्ने प्रस्ताव आउँथ्यो तर केहीमा कथा र केही पात्रमा आफूलाई पाउन सकेको थिइनँ। साथै, मैले निर्माण गर्ने 'कन्टेन्ट'लाई युट्युबमा दर्शकले रुचाउनु भएको थियो, मसँग जोडिएका सबैले बल्ल मेहनत फल पाउनुभएको थियो । अर्थात् हाम्रो राम्रो दिन शुरु भएको थियो । त्यही भएर ती सब छाडेर, सिक्किम छाडेर नेपाल आएर चलचित्रमा अभिनय गर्ने आँट आएको थिएन', अभिनेता तामाङले भने ।

यद्यपि 'होस्टेल ३' बाट प्रस्ताव आएपछि उनका सबै सहकर्मी र परिवारले समेत नयाँ यात्रा सुरू गर्न प्रोत्साहन गरे । सोही कारण उनले पुरानो परिचयलाई चट्ट छाडेर नयाँ परिचयको सुरुआत गरेका छन् । यस्तै, कथा अभिनेत्री सिम्रन पन्तको पनि रहेको छ । विद्यालयमा अभिनय गर्दा कहिले एक्लै चलचित्र हेर्न समेत नपाएकी उनी अहिले चलचित्रमा अभिनेत्री बनेकी छन् ।

बेलाबखतमा परिवारसँग चलचित्र भवन पुग्दा उनलाई खुसी मिल्ने रहेछ, सोही कारण उनले उच्च शिक्षासँगै कलात्मक पाटोलाई समेत बढाउँदै लगिन्। फलतः 'अडिसन'मार्फत उनी अभिनेत्रीका रुपमा छानिइन् ।

'मैले अभिनयको प्रशिक्षण पनि लिएकी थिएँ । तर, यसअगाडि केही चलचित्रमा काम गर्ने तय भए तापनि त्यो बनेनन्, त्यसकारण प्रस्ताव आउनु नयाँ थिएन । होस्टेलको तेस्रो शृङ्खला बन्दैछ भन्ने थाहाँ पाएपछि म खुसी भएँ । मैले अभिनय गर्दैछु भन्ने तय भएको दिनको उत्साहलाई मैले शब्दमा बयान गर्न सक्दिन', अभिनेत्री पन्तले भनिन् ।

उनी खुसी हुनुको कारण अभिनेता तामाङ झैँ 'होस्टेल' शृङ्खलाको दर्शक भएर हो । उमेरले चालिस पुग्नुभएका कलाकारहरुको भीडमा आफ्नै पुस्तालाई चलचित्रमा पाउँदा अभिनेत्री पन्त दंग परिन् । किनकि युवाको होस्टेल जीवन मात्र नभई 'टिन एज' मा आउने उतारचढाव समेत चलचित्रमा समावेश गरिएको थियो । या भनौँ तन्नेरी पुस्ताको कथा र व्यथा चलचित्रमा थियो । तेस्रो शृङ्खला अर्थात् 'होस्टेल ३' मा नयाँ पुस्तासँगै जोडिएको विषय भएपछि 'कुल ब्वाई' नामक 'टिकटकर'का रुपमा परिचय बनाएका पारसबम ठकुरी ठूलो पर्दामा अभिनय गर्न सहमत भए ।

'प्रस्ताव गरिएको पात्र आफू झैँ लाग्नाका साथै आफ्नै जस्तोको कथा लागेपछि चलचित्रमा काम गर्ने सोच बनाएको हुँ । फेरि कुनै न कुनै समयमा आफूलाई भिन्न परिचय दिनु नै थियो । म सानो क्यामेराबाट यहाँसम्म आइपुगेको छु ।

म परिचय फेर्न त आएको हुँ, तर धरातल नछाडेर। आफूले सपना देखियो र त्यसलाई पूरा गर्न इमान्दारिताका साथ लागियो भने निश्चय सफलता पाइन्छ भने उदाहरण बन्न सकूँ जस्तो लाग्छ', अभिनेता ठकुरीले भने । उनलाई चलचित्रमा काम गर्न सहज लाग्नाका कारण नै आफ्नै जस्ता र उमेर समूहका कलाकार तथा प्राविधिक थिएँ । सबै नयाँ र उस्तै उमेर समूहको भएकै कारण सजिलै चलचित्र बन्यो । सामाजिक सञ्जाल वा निःशुल्क दर्शकले रुचाउनु भए तापनि ठूलो पर्दामा हेर्न आउने हो कि होइनन् भन्ने डर त सबैलाई छ । तर, आफूले गरेको कामप्रति सबै ढुक्क छन् । यसै चलचित्रमार्फत अभिनयको सुरुआत गर्ने अर्का कलाकार हुनुहुन्छ, आशिष घिमिरे । छ वर्षको उमेरदेखि हास्य टेलिशृङ्खला 'मेरी बास्सै' मा 'धुन्धुकारी' को भूमिकामा लगातार पाँच वर्षसम्म अभिनय गरेका अभिनेता घिमिरे कलाकार केदार घिमिरेका छोरा हुन् ।

बुबा टेलिशृङ्खला र चलचित्रमा स्थापित भए तापनि अभिनेता घिमिरेले केही सांगीतिक श्रव्यदृश्यमा लेखक र निर्देशन समूहमा रहेर काम गर्नाका साथै आरोहण गुरुकुल नाटकघरमा नाट्यकर्मी सुनिल पोखरेलसँग अभिनय सिके । उनले केही सडक नाटक, नाट्यकर्मी पोखरेलको निर्देशनमा तयार भएको 'गच्छामि' नामक नाटक र रामभजन कामतले निर्देशन गरेको 'काल' नामक नाटकमा अभिनय गरेपछि चलचित्रमा अभिनय गरे ।

'चलचित्र बन्दैछ र चाहिएको पात्र म गर्न सक्छु भन्ने लागेपछि 'अडिसन' दिएँ । निर्माण समूहले खोजे झैँ पात्र भए तापनि धेरै पटक अडिसन दिएपछि म छनोट भएको हुँ । म मेरो बुबाको नाम र पहिचानभन्दा पनि आफ्नै कामले चिनिन चाहन्थे । सोही कारण आफूले सक्दो मेहनत गरेर चलचित्रसम्म आएको हुँ', अभिनेता घिमिरेले भने ।

अभिनेता घिमिरेसँगै अन्य तीन कलाकारको पनि पहिलो चलचित्र भएकाले नर्भस, उत्साह र डर सबैमा थियो। एकआपसमा घुलमिल हुनाका साथै कार्यशाला (अभिनय प्रशिक्षण) गरे तापनि छायांकनको पहिलो डर सबैमा थियो । किनकि यहाँ आफ्नो कारणले चलचित्र निर्माण गर्न तयार प्राविधिकसहितको टिमको काम बिग्रिन्थ्यो ।

'हामी सबैको उस्तै उस्तै मनोभाव रहेछ। किनकि प्राविधिक सबै पोख्त थिए । हाम्रो कारणले उनको कामसमेत सफल हुन्थेन । तर, छायांकन अगाडि हामीले होस्टेल शृङ्खलामा अभिनय गरेका पुराना कलाकारलाई भेटेर उनको अनुभव सुनेका थियौँ,त्यसले हामीलाई आत्मविश्वास बढाउन मदत ग¥यो', अभिनेता ठकुरीले भने ।

'होस्टेल'मा अभिनय गर्ने अभिनेता गौरव पहाडी र सलोन बस्नेतले सुनाएको अनुभव आफ्नो भन्दा फरक नपाएको अभिनेत्री पन्तले बताइन् । नयाँमा सबै उस्तै हुने वा उही मनोविज्ञान हुने भएपछि सबै कलाकारलाई थप ऊर्जा प्राप्त भयो । त्यही ऊर्जाले उनीहरूलाई छायांकन गर्ने दृश्यमा आफ्नो पात्रलाई जीवन्त बनाउन मदत गर्यो ।

चलचित्रमा अन्य 'डेब्यु' कलाकार रिहान गिरी, हिना नगरकोटी र समा पराजुली पनि छन् । उनी सम्पूर्ण कलाकार चलचित्र 'होस्टेल ३' को सार्वजनिक प्रचार सामग्रीमा आत्मविश्वासी देखिएका छन् । पात्रलाई जीवन्त बनाएको प्रतिक्रिया दर्शकले सामाजिक सञ्जालमा दिएका छन् । दर्शक प्रतिक्रियाकै कारण अभिनेता तामाङ अब अभिनयलाई निरन्तरता र युट्युबमा नयाँ 'कन्टेन्ट' तयार गर्ने तयारीमा छन् ।

'म आगामी दिनमा हास्य कलाकारकै रुपमा देखिन्छु भन्ने लागेको छ । किनकि यसमा पनि मेरो पात्रले गर्ने गतिविधिले चलचित्र हेर्न आउनु हुने दर्शक हाँस्न बाध्य बन्नु हुन्छ । साथै, आफ्ना रोकिएको कामको पनि सुरुआत गर्छु', अभिनेता तामाङले भने ।

व्यवसायिक सुरक्षाका कारण प्रायः निर्देशकको रोजाइमा स्थापित अनुहार पर्ने देखिए पनि नयाँ अनुहारले चलचित्रमा नयाँ दर्शक तान्न सक्ने भएको र विषयवस्तुसँगै 'होस्टेल' शृङ्खलाको 'लिगेसी' लाई अगाडि बढाउन नयाँ पुस्ताको चलचित्र बनाएको निर्देशक सशान कँडेलले बताए ।

'म आफैं निर्देशकका रुपमा नयाँ भएकाले मैले प्रतिभा भएका र मेहनत गर्नसक्ने नयाँ पुस्तालाई चलचित्रमा ल्याएको छु । उनीहरू सबै आउँदो केही वर्षमा सर्वाधिक खोजिने कलाकारका रुपमा परिचित बन्नुहुनेछ भन्ने मलाई लागेको छ । तर, अहिलेको जस्तै मेहनती र सरल भने रहन सक्नुपर्छ', निर्देशक कँडेलले भने ।

यसअगाडिका 'होस्टेल' का दुई शृङ्खलाले नयाँ पुस्तालाई कलाकारितामा स्थापित गराउनाका साथै व्यावसायिक सफलता पनि हासिल गरेको थियो। 'होस्टेल ३' को व्यापार आउँदो केही सातामा थाहा हुने भए तापनि यसमार्फत चलचित्रमा भित्रिएका नयाँ पुस्ताको चर्चा भने अहिले नै बढिरहेको छ । रासस

# 'अकबरे खुर्सानी प्रशोधनको केन्द्र' स्थापना

**रासस**

किसानको राम्रो आम्दानीको स्रोतका रूपमा रहेको 'अकबरे खुर्सानीको प्रशोधन केन्द्र' स्थापना गरिने भएको छ । किसानले उत्पादन गरेको अकबरे खुर्सानीले राम्रो मूल्य पाउने वातावरण निर्माणका लागि भोजपुरमा प्रशोधन केन्द्र स्थानपाको पहल थालिएको हो ।

किसानले उत्पादन गरेको अकबरे (डल्ले) खुर्सानीलाई गुणस्तरीय ढङ्गले भण्डारण तथा विभिन्न परिकार बनाएर आन्तरिक तथा बाह्य बजारमा पठाउने लक्ष्यले कृषि ज्ञान केन्द्रले यहाँ प्रशोधन केन्द्र स्थापनाका लागि पहल थालेको हो । बढी उत्पादन भएको याममा किसानले राम्रो मूल्य पाउन नसकेको गुनासो बढेपछि यहाँ नै खुर्सानीको प्रशोधन तथा भण्डारण गरेर बाह्य बजारमा पठाउने लक्ष्यले प्रशोधन केन्द्र स्थापना गर्न लागिएको हो। भोजपुरमा अकबरे खुर्सानी प्रशोधन केन्द्र स्थापनाका लागि कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा कार्यक्रम माग गरेर पठाएको कृषि ज्ञान केन्द्रका प्रमुख मुकेशकुमार यादवले जानकारी दिए । मन्त्रालयबाट कार्यक्रम स्वीकृत भएर आएपछि यहाँ केन्द्र स्थापनाका काम अघि बढ्ने प्रमुख यादवले बताए ।

'पछिल्लो समय भोजपुरका किसानको मुख्य आम्दानीको स्रोतका रूपमा अकबरे खुर्सानी रहेको छ', उनले भने,'खुर्सानीको राम्रो उत्पादन भए पनि यहाँ प्रशोधन केन्द्र नहुँदा किसानलाई समस्या छ । किसानले उत्पादन गरेको खुर्सानीको सहज बजारीकरणसँगै उत्पादित वस्तुलाई गुणस्तरीय ढङ्गले बाह्य बजार पठाउन केन्द्र स्थापनाको तयारी गरेका हौँ ।' जिल्लामा खुर्सानीखेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको प्रमुख यादवको भनाइ छ । यहाँ छ सय हेक्टर क्षेत्रमा व्यावसायिक रूपमा खुर्सानीखेती भइरहेको तथ्याङ्क रहेको प्रमुख यादवले जानकारी दिए । आगामी दिनमा क्षेत्र अझ विस्तार हुने उहाँको भनाइ छ ।

ज्ञान केन्द्रले बढी मात्रामा अकबरे खुर्सानीखेती हुने पौवादुङमा, टेम्केमैयुङ, अरुण गाउँपालिका, भोजपुर र षडानन्द नगरपालिकाका अगुवा खुर्सानी किसान, कृषि शाखा प्रमुख तथा सरोकारवाला पक्षसँग खुर्सानीखेतीमा देखिएका समस्या, यसको सम्भवना र बजारीकरणलगायत विषयमा छलफल गरेको छ । सरोकारवाला पक्षले किसानको राम्रो आम्दानीको स्रोतका रूपमा अकबरे खुर्सानी रहेकाले यहाँ प्रशोधन केन्द्र आवश्यक रहेको बताएका छन् ।

प्रशोधन केन्द्र स्थापनाका लागि कार्यालयले कार्यक्रम माग गरेकाले थप समन्वय तथा सहकार्य गर्नका लागि छ सदस्य समिति पनि गठन गरिएको छ । अरुण गाउँपालिकाका अगुवा किसान तोरण कार्कीको संयोजकत्वमा समिति गठन गरिएको हो ।

कृषि ज्ञान केन्द्रले यहाँका अधिकांश किसानको मुख्य आम्दानीको स्रोतका रूपमा रहेको अकबरे खुर्सानीको प्रवर्द्धन तथा विकासका लागि थालेको काम राम्रो रहेको पौवादुङमा गाउँपालिका किसान ध्रुव राईले बताए । प्रशोधन केन्द्र स्थापनापछि यहाँका किसानलाई प्रत्यक्ष लाभ पुग्ने उनको भनाइ छ। विगतबाट नै यहाँ खुर्सानी प्रशोधन केन्द्र माग भइरहेको किसान राईले बताए ।

'हामी धेरै किसानले व्यावसायिक अकबरे खुर्सानीखेती गरिरहेका छौँ', उनले भने,'उत्पादन भएको खुर्सानीको राम्रो बजारीकरण हुन सकिरहेको छैन । यहाँ नै प्रशोधन केन्द्र स्थापना भएमा खुर्सानीलाई प्रशोधन गरेर बाह्य बजारमा पठाउन सकिन्छ । यसले किसानलाई राहत पुग्छ ।'

खुर्सानी किसानको ठूलो आवश्यकताका रूपमा रहेको प्रशोधन केन्द्र स्थापनाका लागि ज्ञान केन्द्रले थालेको काममा स्थानीय तहको तर्फबाट पहलकदमी गर्ने पौवादुङमा–१ श्यामशिला वडाध्यक्ष राजेन्द्र तामाङले बताए । अहिले यहाँ उत्पादन भएको खुर्सानी धरान विराटनगर काठमाडौँलगायत सहरमा मात्र जाने गरेको भए पनि प्रशोधन गरेर पठाएको खण्डमा विदेशमा सहज रूपमा पुग्ने वातावरण बन्ने उनले भने ।

'हामीले पनि किसानलाई खुर्सानी खेतीका लागि प्रोत्साहन गरिरहेका छौँ', उनले भने, 'धेरै मात्रामा खुर्सानी उत्पादन भएमा बजारीकरणमा समस्या हुन्छ । यहाँ नै प्रशोधन गरेर बाहिर पठाउन सकियो भने किसानले राम्रो मूल्य पाउने अवस्था बन्छ । किसानको हितमा हुन गइरहेको यो काम सफल बनाउन सबैले आफ्नो तहबाट भूमिका खेल्न आवश्यक छ ।'

# संसद बैठकमा अनिवार्य उपस्थित हुन ह्विप

**काठमाडौँ ।**
प्रमुख सत्तारूढ दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले बुधबार बस्ने सङ्घीय संसद्, प्रतिनिधिसभाको बैठकमा अनिवार्य उपस्थित हुन आफ्ना सांसदहरुलाई ह्विप जारी गरेको छ ।

बुधबार दिउँसो १ बजे बस्ने संसद् बैठकमा सरकारले ल्याएको 'सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१', 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', सहित पाँच अध्यादेश संसद्बाट पारित गर्नुपर्ने भएकाले दुवै पार्टीले आफ्ना सांसदलाई अनिवार्य उपस्थितिका लागि निर्देशनात्मक ह्विप जारी गरेका हुन् ।

सरकारले 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' तथा 'सुशासन प्रवद्र्धनसम्बन्धी अध्यादेश, २०८१' पनि बुधबार संसद्मा पेस गर्ने भएको छ । रासस

# पर्यटन क्षेत्रको विकास गर्न असल व्यवहार जरुरीः गृहमन्त्री

**रुपन्देही ।**
गृहमन्त्री रमेश लेखकले पर्यटन क्षेत्रको विकास गर्न सबैलाई असल व्यवहार गर्न जरुरी रहेको बताएका छन्। रुपन्देहीको बेलहियास्थित अध्यागमन कार्यालयको मंगलबार एक कार्यक्रमबिच उद्घाटन गर्दै उनले अध्यागमन कार्यालयमा कार्यरत कर्मचारीलाई पर्यटक र आमसेवाग्राहीसँग नम्र, सरल र मिठासपूर्ण व्यवहार गर्न आग्रह गरे ।

कर्मचारीको व्यवहारले नै मुलुकको अवस्था बताउने उल्लेख गर्दै गृहमन्त्री लेखकले सचेत भएर सौहार्दपूर्ण तरिकाले सेवा दिन कर्मचारीलाई निर्देशन दिए । 'अध्यागमन भनेको मुलुकको ऐना हो,' उनले भने, 'कर्मचारीले सेवा दिँदा सभ्यता र विनम्रतापूर्वक ढंगले दिनुपर्छ । कहिलेकाहीँ पर्यटक र अन्य सेवाग्राही कागजी प्रक्रिया नमिलेपछि रिसाउन सक्छन्, तर यस्तोवेला कर्मचारी विनम्रतापूर्वक प्रस्तुत हुनुपर्छ। सेवाको भावनाले काम गर्नुपर्छ । रिसाउने र सेवाग्राहीलाई गलत व्यवहार गर्ने छुट कर्मचारीलाई छैन ।'

गृहमन्त्री लेखकले यहाँ निर्माण गरिएका पूर्वाधारले रुपन्देहीको बेलहिया नाकालाई मुलुककै ठुलो नाकाका रूपमा स्थापित गरेको बताए । मुलुकका सीमा क्षेत्रमा १३ अध्यागमन कार्यालय रहेका र ती कार्यालयले पर्यटकलाई नेपालमा घुमफिर गर्न सहज बनाएको उनको भनाइ थियो ।



'पछिल्ला दिनमा सबै नाकाबाट पर्यटक आगमन राम्रो पाइएको छ । यो ठाउँ बुद्ध जन्मस्थल भएकाले धार्मिक पयर्टनको सम्भावना छ । सरकारले पर्यटनमैत्री वातावरण बनाइरहेको छ, पर्यटकको आगमनलाई व्यवस्थित गरिरहेका छौँ,' गृहमन्त्री लेखकले भने, 'सरकारको लक्ष्य पर्यटक आगमन वृद्धि गर्ने हो । पर्यटक बढ्दा यसले मुलुकलाई आर्थिक रूपमा समृद्ध बनाउँछ ।'

नेपालीहरू संसारकै सबैभन्दा राम्रो संस्कृतिमा हुर्किएका नागरिक भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले अध्यागमन कार्यालयमा जस्तो व्यवहार हुन्छ, नेपालबारे पर्यटकले त्यही बुझ्ने बताए । वर्तमान सरकारले समृद्धिलाई पछ्याइरहेको उनको भनाइ थियो ।

'सरकारले भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन कायम गर्ने तथा लगानी र व्यवसायीमैत्री वातावरण बनाउने काम गरिरहेको छ,' गृहमन्त्री लेखकले भने, 'परिणाम तत्कालै नदेखिए पनि बिस्तारै नतिजा आउँछ ।' सरकारले संविधानको रक्षा गर्दै मुलुकमा दिगो शान्ति, विकास र समृद्धिलाई प्राथमिकतामा राखेर काम गरिरहेको उनको भनाइ थियो ।

पछिल्लो समय मुलुकको अर्थतन्त्रमा राम्रा संकेतहरू देखापरेको गृहमन्त्री लेखकले बताए । 'सरकारका कामको निजी क्षेत्रबाट प्रशंसा भएको छ । हामीले अर्थतन्त्रमा देखिएका समस्या हल गर्न केही अध्यादेश जारी गरेका छौँ, ती अध्यादेशमा समेटिएका विषयवस्तुको सबैले प्रशंसा गर्दै छिटो कार्यान्वयनमा लैजानुपर्ने सुझाव दिएका छन्,' उनले भने । गृहमन्त्री लेखकले अध्यादेश केही समयमै पारित हुने र आर्थिक क्षेत्रमा थप सुधार आउने दाबी गरे ।

सोही कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले लुम्बिनीको प्रवेशद्वार भएकाले यहाँको विकासमा लागिपरेको बताए । सीमा क्षेत्रको सडक लामो समय नबन्दा धुलोले स्थानीय र पर्यटकलाई हैरानी भएको उनको भनाइ थियो । 'यो ठाउँको विकास हुँदा मुलुकले पर्यटन क्षेत्रमा फड्को मार्नसक्ने धेरै आधार छन्,' प्रमुख खाँले भने ।

१० करोड २५ लाख रुपैयाँको लागतमा उक्त कार्यालय भवन निर्माण गरिएको हो । अपांगमैत्री र भूकम्प प्रतिरोधी रहेको यो भवनमा अग्नि नियन्त्रण उपकरण जडित छ । रासस

# नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउन आवश्यकः राष्ट्रपति



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावनाअनुसार आम नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउन र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताएका छन् ।

नेपाल चिकित्सक संघद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राष्ट्रले दक्ष र विज्ञ चिकित्सक उत्पादनमा गरेको लगानी संविधानको त्यही भावना र मर्मअनुसार भएको बताए । उनले भने, 'संविधानको यो भावना र मर्मलाई आत्मसात गर्दै चिकित्सकले यो पेसालाई सेवा भावको दृष्टिकोणले हेर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।'

राष्ट्रपति पौडेलले नेपाली जनताको ठूलो संघर्ष, त्याग र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले नेपाली नागरिकलाई स्वास्थ्य, शिक्षा जस्ता आधारभूत आवश्यकता प्रत्याभूतिको व्यवस्था सुनिश्चित गरेको स्पष्ट पारे । उनले देशका दुरदराजमा अझै पनि नागरिकले उपयुक्त स्वास्थ्य सेवा प्राप्त गर्न नसकिरहेको अवस्था रहेको उल्लेख गर्दै यो अवस्थालाई गम्भिरतापूर्वक लिएर देशका कुना, कुनामा दक्ष, विज्ञ चिकित्सकको सेवा पुऱ्याउन आवश्यक रहेको बताए ।

उनले भने,'यस विशेष अवसरमा सबैलाई आ–आफ्नो क्षेत्रबाट स्वास्थ्य क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन आह्वान गर्दछु ।'

राष्ट्रपति पौडेलले हाल देशको स्वास्थ्य शिक्षा अब्बल हुँदै दक्ष र विज्ञ चिकित्सक नेपालमै उत्पादन हुनु सुखद् पक्ष भएको उल्लेख गर्दै नेपालमै स्तरीय स्वास्थ्य सेवा तथा उपचार हुन थालेको आफैँले अनुभव गरेको बताए । उनले स्वास्थ्य सेवामा सुधार हुँदाहुँदै पनि सम्पूर्ण जनशक्तिले पर्याप्त अवसर नपाएको भन्ने गुनासो आइरहेको र त्यसको परिणाम चिकित्सक विदेशिने क्रम बढ्नु चिन्ताको विषय भएको बताए । यसलाई रोक्न सम्बद्ध पक्षले उपयुक्त कदम चाल्नुपर्ने उनको भनाइ थियो । देशको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार गर्न तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न आगामी दिनमा नेपाल चिकित्सक संघको भूमिका अझ प्रभावकारी हुने राष्ट्रपति पौडेलले बताए । रासस

# परराष्ट्रको काम 'रेस्क्यु' गर्नेजस्तो मात्र भयोः परराष्ट्रमन्त्री

**रुपन्देही ।**
परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले परराष्ट्र मन्त्रालयको धेरैजसो काम विदेशमा रहेका नेपाली नागरिकहरुको उद्धार रेस्क्यु गर्ने जस्तो मात्र भएको बताएकी छन् ।

नेपाली कांग्रेस केन्द्रीय प्रशिक्षण प्रतिष्ठानले रुपन्देहीको भैरहवामा पर्टीका प्रतिनिधिसभा क्षेत्रीय सभापति तथा प्रशिक्षण शाखा प्रमुखका लागि आयोजना गरेको प्रशिक्षणमा उनले भने,'अहिले विदेशमा नेपालीहरु यतिधेरै समस्यामा परिरहेका छन् कि परराष्ट्र मन्त्रालयको काम त यसो हेर्दा उनीहरुको उद्धार गर्नेजस्तो मात्र भएको छ ।'



मन्त्री डा .राणाले सीमित स्रोत, साधन र जनशक्तिका कारण संसारमा रहेका नेपालीको उद्धारको काम निकै कठिन भएको जानकारी दिए । अहिले संसारका ४० देशमा मात्र नेपाली राजदूताबास रहेका तर नेपालीहरु भने एक सयभन्दा बढी देशमा पुगेका बताउँदै मन्त्री डा देउवाले नेपालीहरु कहाँ र कसरी पुगेका छन् भन्ने बारेको सूचना मन्त्रालयलाई थाहा नहुने र कसैलाई समस्या परेर उद्धार गर्नुपर्ने अवस्थामा मात्र थाहा हुने गरेको बताए ।

बंगलादेशको उदाहरण दिँदै उनले भनीन्,'जस्तो कि बंगलादेशमा मेडिकल पढ्न गएका विद्यार्थीलाई समस्या परेपछि मात्र त्यहाँ कति विद्यार्थी छन् भन्ने कुरा थाहा भयो । तर मिडियामा भने उनीहरुलाई एक दुई दिनमै नेपाल ल्याइहाल्नुपर्यो भन्नेजस्तो गरेर समाचार आउँछ । त्यसबेला पनि ढाकाको दूताबासमा रहेको सीमित जनशक्तिले समन्वय गऱ्यो । यस्तै अवस्था अन्यत्र पनि छन्, तर हामी जसोतसो काम गरिरहेकै छौँ ।' उनले मध्यपूर्वी देशहरुमा घरेलु कामदारका रुपमा जान महिलालाई नेपालले प्रतिबन्ध लगाएको भए पनि अवैधानिक बाटोबाटै हजारौँ महिला ती देशमा पुगिरहेका जानकारी गराउँदै पछि यदि उनीहरु समस्यामा परे भने उद्धारका लागि निकै अप्ठेरो पर्न सक्ने पनि बताए ।मन्त्री डा. देउवाले त्यसैले परराष्ट्र मन्त्रालयले संसारका नेपाली डायस्पोरालाई कन्सुलर सेवा उपलब्ध गराउन तथा परम्परागत कूटनीतिभन्दा माथि उठेर नेपालको परराष्ट्र सम्बन्धलाई थप विस्तारित गर्ने ओएनएम गरेर थप दरबन्दी सिर्जना गरेको र यसबाट आगामी दिनमा केही सहज हुने उनले स्पष्ट गरिन् । रासस

# ऊर्जामन्त्रीद्वारा सिँचाइ आयोजना शुभारम्भ



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले कपिलवस्तुको विजयनगर गाउँपालिका–२, ३ र ४ को ७०० हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तारका लागि निर्माण हुन लागेको शङ्करपुर ताल एकीकृत सिँचाइ तथा जलस्रोत संरक्षण योजनाको शुभारम्भ गरेका छन् ।

ऊर्जामन्त्री खड्काले जलस्रोत व्यवस्थापन आयोजनाले निर्माण गर्न लागेको उक्त योजनाको मंगलबार शुभारम्भ गरेका हुन् । ताल निर्माणका लागि आयोजना कार्यालयले बाबुल लुम्बिनी सांस्कृतिक जेभी सिद्धार्थनगर रुपन्देहीसँग गत पुस २ गते ठेक्का सम्झौता गरेको थियो ।

आयोजना निर्माणसँगै उक्त गाउँपालिकाका एक हजार ७१५ घरधुरी लाभान्वित हुने आयोजनाका प्रमुख अविनाशी सिग्देलले जानकारी दिए ।

आयोजनाको शुभारम्भ गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्काले धेरै आयोजनाहरु सम्झौता भएर अलमलमा पर्ने गरेकामा उक्त आयोजनालाई समयमै सम्पन्न गर्न निर्देशन दिए । 'आयोजनालाई तोकिएकै समयमा सम्पन्न गर्न स्थानीय समुदाय चनाखो बन्नुपर्छ, आयोजनाको सम्पन्नतासँगै यहाँको कृषि क्षेत्रको विकासमा सहयोग पुग्छ,' मन्त्री खड्काले भने ।

कार्यक्रममा मन्त्री खड्कासँगै सांसद एवं पूर्वमन्त्री सुरेन्द्र आचार्य, सिँचाइ विभागका महानिर्देशक देवराज निरौलालगायत स्थानीय जनप्रतिनिधिको सहभागिता थियो । आयोजना दुई वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने छ । आयोजनाको लागत १९ करोड रुपैयाँ रहेको छ । रासस

# यस्तो छ स्ववियु निर्वाचन कार्यतालिका

**काठमाडौँ ।**
त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको प्रक्रिया शुरु गरेको छ ।

त्रिविका आङ्गिक, सम्बन्धनप्राप्त क्याम्पसमा विभिन्न विद्यार्थी संगठनले आफ्नो संघ, संगठनको नाम दर्ता गराएका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिए । 'विद्यार्थी संगठनले आआफ्नो संगठनको नाम निर्वाचनका लागि दर्ता गराउनुभएको छ,' उनले भने, 'विगतभन्दा धेरै क्याम्पसमा यसपटक निर्वाचन हुन्छ ।'

निर्वाचन कार्यतालिकाअनुसार बुधबार फागुन २१ गते मतदाता सूची प्रकाशन गर्ने र फागुन २७ गते बिहान ११ देखि २ बजेसम्म प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारको मनोनयन दर्ता गरिने छ । त्रिविले मतदान आगामी चैत ५ गते बिहान ८ देखि दिउँसो ४ बजेसम्मका लागि तोकेको छ ।

अनेरास्ववियुका अध्यक्ष समिक बडालले निर्वाचनका लागि सबै क्याम्पसमा आफ्नो संगठनको मनोनयन गरिएको जानकारी दिए । यस्तै, नेपाल विद्यार्थी संघका प्रवक्ता सुरज सेजुवालले पनि सबै क्याम्पसमा संगठनको नाम दर्ता गराइएको बताए ।

अनेरास्ववियु (क्रान्तिकारी)का महासचिव रोशन मगरले देशभर नै निर्वाचन हुने क्याम्पसमा संगठन दर्ता गरिएको जानकारी दिए । यसअघि त्रिविले 'स्ववियु निर्वाचसम्बन्धी निर्देशिका' आचारसंहिता जारी गरिसकेको छ । चैत ५ गते एकै दिन देशभरिका त्रिविका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा स्ववियु निर्वाचनमा हुने छ । निर्वाचनमा २८ वर्षे उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा व्यवस्था गरिएको छ । रासस

# संविधान संशोधन प्रक्रिया अघि बढाउनुपर्नेमा जोड

**लुम्बिनी ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले संविधान संशोधनको प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिएका छन् । उनले वर्तमान सरकार गठन हुँदा दुई दलबीच संविधान संशोधनको बिषयमा सात बुँदे सहमति भएकाले सरकारमा सहभागी दलहरु इमान्दारिताको प्रक्रियामा अघि बढ्नुपर्ने बताए ।

नेपाल प्रेस युनियन रुपन्देहीले मंगलबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता केसीले संविधान संशोधनका लागि सरकारमा सहभागी दलसहितको समिति बनाउनुपर्नेमा जोड दिए ।

'अहिले देशमा दुई ठूला दल मिलेर सरकार गठन हुनुको कारण देशमा देखिएको अस्थिरता हटाउनु हो । जनतामा देखिएको निराशालाई हटाउन संविधान संशोधन गर्न सरकार गठन भएको हो', नेता केसीले भने,'सरकारमा रहेका, नरहेका सबै दलसँग छलफल गरेर सहमतिपूर्ण निस्कर्ष निकाल्नु पर्छ ।'

नेता केसीले नेपाली कांग्रेसको १५ औं महाधिवेशन निर्धारित समयभित्रै गरिनुपर्ने बताए । उनले सकेसम्म आगामी २०८२ सालभित्र र नभए २०८४ सालको चुनाव अघि महाधिवेशन हुनुपर्ने बताए । रासस

# सरकार र उद्योगीबीच ग्यासको मूल्य बढाउने सहमति

**काठमाडौं ।**
सरकार र नेपाल एलपी ग्यास उद्योग सङ्घबीच पाँच बुँदे सहमति भएको छ । मंगलबार सिंहदरबारस्थित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको वार्तापछि ग्यासको भाउ १२ रुपैयाँ ७५ पैसा बढाउने सहमति भएपछि एलपी ग्यास उद्योगीले आन्दोलन फिर्ता लिएका छन् । सहमतिको १ नम्बर बुँदामा भनिएको छ,'मिति २०८१ फागुन १८ गते बसेको नेपाल आयल निगम सञ्चालक समिति बैठकले ग्यास उद्योगको बाह्य ढुवानी भाडा, आन्तरिक ढुवानी भाडा, सञ्चालन तथा प्रशासनिक खर्च रकममा समायोजन गरी साविकको खर्चमा प्रतिसिलिन्डर १२ रुपैयाँ ७५ पैसाले वृद्धि गरेको विषयमा नेपाल एलपी ग्यास उद्योग सङ्घका पदाधिकारीलाई जानकारी गराइयो ।' सहमतिसँगै अब ग्यासको भाउ प्रतिसिलिन्डर एक हजार नौ सय १० रुपैयाँ बाट बढेर एक हजार नौ सय २२ रुपैयाँ ७५ पैसा पुगेको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीसहितका सरकारी प्रतिनिधि र उद्योगीबीच वार्ता भएको थियो । रासस

# साढे छ खर्बको घाटा बजेट ल्याउन सकिने गरी स्रोत अनुमान

–हेमन्त जोशी
**काठमाडौं ।**
राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि करिब साढे छ खर्ब बराबरको घाटा बजेट ल्याउन सकिने गरी स्रोतको सीमा (सिलिङ) निर्धारण गरेको छ ।
आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६५ करोड रुपैयाँको बजेट 'सिलिङ' निर्धारण गर्दा आन्तरिक स्रोतबाट सरकारले १२ खर्ब ६३ अर्ब १० करोड मात्रै प्राप्त हुने अनुमान गरिएको छ । अर्थात् आगामी आर्थिक वर्षका लागि निर्धारण भएको सिलिङअनुसार बजेट ल्याउने हो भने ६ खर्ब ३७ अर्ब ५५ करोड रुपैयाँ स्रोत अपुग हुनेछ । यस्तो अपुग रकमलाई आन्तरिक तथा बाह्य ऋण र अनुदानमार्फत पूर्ति गरिनेछ ।
मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) अनुपातमा सार्वजनिक ऋण बर्सेनि बढ्दै जानु, ऋणको साँवाब्याज भुक्तानीका लागि ठूलो रकम खर्च हुनु, ऋण लिएको रकम पुँजी निर्माणमा भन्दा चालु प्रकृतिका कार्यमा जानुलाई चुनौतीका रुपमा हेर्ने गरिन्छ । स्रोत अनुमान समितिले निर्धारण गरेको सीमाअनुसार नै बजेट आउने हो र सोही अनुसार खर्च पनि हुने हो भने आगामी आर्थिक वर्षमा मात्र मुलुकलाई करिब ६ खर्ब ऋण थपिने देखिन्छ ।
ठूलो आकारको बजेट ल्याउन ऋणलाई स्रोतका रुपमा देखाउने तर आन्तरिक राजस्व भने बढ्न नसक्ने स्थिति हरेक वर्ष आउने गरेको छ । आगामी आर्थिक वर्षको सरकारी राजस्व वृद्धिको अनुमान हेर्ने हो भने चालु आर्थिक वर्षको बजेटमा राखिएको लक्ष्यकै हाराहारीमा छ । यद्यपि, चालु आर्थिक वर्षको संशोधित अनुमानभन्दा १० दशमलव तीन प्रतिशतले आन्तरिक राजस्व प्राप्ति बढ्ने आँकलन स्रोत अनुमान समितिले गरेको छ ।
चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले १२ खर्ब ६० अर्ब ३० करोड आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको थियो । तर बजेटको मध्यावधि समीक्षामार्फत राजस्वको लक्ष्य घटाएर ११ खर्ब ४५ अर्ब २६ करोड बराबर मात्रै प्राप्ति हुने अनुमान गरिएको छ । मध्यावधि समीक्षामार्फत राखिएको राजस्व सङ्कलनको लक्ष्यका तुलनामा आगामी आर्थिक वर्षमा करिब १० प्रतिशत राजस्व बढ्ने अनुमान गरिनु विगतको भन्दा कम र यथार्थपरक रहेको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी बताउँछन् ।
'चालु आवको बजेटको मध्यावधि समीक्षाका आधारमा हामीले आगामी आर्थिक वर्षको आन्तरिक राजस्वको अनुमान गरेका हौँ । विगतमा २०÷२२ प्रतिशत सम्म राजस्व वृद्धिको अनुमान गर्ने गरिन्थ्यो । तर अहिले हामीले १० प्रतिशत मात्रै गरेका छौँ । यो यथार्थपरक र विधिमा आधारित छ',उनले भने ।
आगामी आर्थिक वर्षका लागि १९ खर्ब रुपैयाँ हाराहारीको बजेट ल्याउन सकिनेगरी सीमा



निर्धारण गर्दा करिब साढे ६ खर्ब रुपैयाँ बराबर स्रोत अपुग हुने देखिन्छ । उक्त रकम वैदेशिक ऋण तथा अनुदान र आन्तरिक ऋण उठाएर पूर्ति गर्नुपर्ने हुन्छ । चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षमा वैदेशिक सहायता २८ दशमलव आठ प्रतिशतले बढ्ने आँकलन स्रोत अनुमान समितिको छ ।
आगामी आर्थिक वर्ष वैदेशिक अनुदान ४५ अर्ब र वैदेशिक ऋण दुई खर्ब ३५ अर्ब नौ करोड रुपैयाँ प्राप्त हुने अनुमान समितिको छ । सरकारले चालु आर्थिक वर्षको बजेटको मध्यावधि समीक्षामार्फत वैदेशिक ऋण र अनुदान प्राप्तिको लक्ष्य पनि संशोधन गरेको थियो । चालु आर्थिक वर्षका लागि दुई खर्ब १७ अर्ब ६७ करोड रुपैयाँ वैदेशिक ऋण लिने सरकारको लक्ष्य रहेकामा गत माघमा मध्यावधि समीक्षामार्फत त्यसलाई घटाएर एक खर्ब ८० अर्ब ८४ करोड रुपैयाँ कायम गरिएको छ । त्यसैगरी चालु आवमा ५२ अर्ब ३३ करोड रुपैयाँ वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकामा बजेट समीक्षामार्फत त्यसलाई घटाएर ३६ अर्ब ६३ करोड रुपैयाँ कायम गरिएको छ । आगामी आर्थिक वर्षका लागि स्रोतको अनुमान गर्दा वैदेशिक ऋण उपलब्ध गराउने भनेर दातृ निकायबाट प्राप्त प्रतिबद्धतालाई हेरिएको भए पनि वैदेशिक अनुदान प्राप्तिमा केही फरक पर्नसक्ने आयोगका उपाध्यक्ष अधिकारी बताउँछन् ।
विशेषगरी अमेरिकी अनुदान सहयोगका रुपमा रहेको मिलेनियम च्यालेञ्ज कर्पोरेसनमार्फत प्राप्त हुने रकम निरन्तरता हुन्छ वा हुँदैन भन्ने विषयले आगामी आर्थिक वर्षको वैदेशिक अनुदान प्राप्तिमा पनि फरक पर्ने उनको भनाइ छ ।
आगामी आर्थिक वर्षको घाटा बजेट पूर्ति गर्ने ठूलो स्रोत देखाउँदा आन्तरिक ऋणको आकार पनि चालु आर्थिक वर्षको भन्दा बढाउन खोजिएको छ । सरकारले चालु आर्थिक वर्षका लागि तीन खर्ब ३० अर्ब आन्तरिक ऋण लिने लक्ष्य राखेको छ । आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि भने तीन खर्ब ५७ अर्ब ४६ करोड बराबर स्रोत आन्तरिक ऋण उठाएर पूर्ति गर्न सकिने अनुमान गरिएको छ ।
घाटा बजेट ल्याउने अभ्यास विश्वभर नै रहेको र आन्तरिक स्रोतले धान्नेभन्दा ठूलो आकारको बजेट ल्याउनु आलोचनाको विषय नरहे पनि ऋण लिएको रकम कहाँ र कसरी खर्च हुन्छ भन्ने कुराले भने महत्व राख्ने आयोगका उपाध्यक्ष अधिकारी बताउँछन् ।
'घाटा वित्त परिचालन गर्ने संसारभरको अभ्यास छ । त्यो रकम कहाँ खर्च हुन्छ भन्ने महत्वपूर्ण हो । यसमा आलोचना भनेको सापेक्ष विषय हो । पहिलेको भन्दा निकै यथार्थपरक र वास्तविकतामा आधारित भएर स्रोतको अनुमान गरिएको छ,' उनले भने । रासस

# दशौँ राष्ट्रिय खेलकुद मूल आयोजक समितिको बैठक

**काठमाडौं ।**
कर्णाली प्रदेशमा हुने दशौँ राष्ट्रिय खेलकुदको मूल आयोजक समितिको पहिलो बैठक मंगलबार भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको अध्यक्षतामा सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा बसेको बैठकले विभिन्न चार बुँदे निर्णय गरेको छ ।
बैठकले दशौँ राष्ट्रिय खेलकुद मूल आयोजक समितिको सचिवालय यही फागुन २५ सुर्खेतमा स्थापना गर्ने, दशौँ राष्ट्रिय खेलकुदको सहआयोजकका रुपमा कर्णाली प्रदेश सरकार रहने व्यवस्था भएकाले सोका लागि अनुरोध गर्ने, दशौँ राष्ट्रिय खेलकुद सम्पन्न गर्न पूर्वाधार निर्माण एवं स्तरोन्नित कार्यमा खर्च गर्ने गरी खेलकुद परिषद्अन्तर्गत खर्च नहुने पुँजीगत रकम मध्येबाट कर्णाली प्रदेशलाई बजेट हस्तान्तरणका लागि नेपाल सरकार अर्थ मन्त्रालयमार्फत आवश्यक प्रक्रियाका लागि अनुरोध गर्ने र दशौँ राष्ट्रिय खेलकुद तथा प्रथम राष्ट्रिय पारा खेलकुद सञ्चालन तथा व्यवस्थापनसम्बन्धी (पूर्वतयारी, उद्घाटन एवं खेल सञ्चालन र समापन) कार्ययोजना पेस गर्न कार्यसम्पादन समितिलाई निर्देशन दिने निर्णय गरेको छ ।
त्यस अवसरमा राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङले दशौँ राष्ट्रिय खेलकुदको शीर्षकगत खर्चको विवरणलगायत विषयमा जानकारी गराएका थिए ।
खेलकुदमन्त्री चौधरीले दशौँ राष्ट्रिय खेलकुद अब कुनै हालतमा नसर्ने बताउँदै सम्बन्धित सबैलाई तयारीमा जुट्न आग्रह गरे । कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेलले दशौँ राष्ट्रिय खेलकुद कर्णालीका लागि पनि गौरवको विषय भएकाले यसलाई सफल पार्न प्रदेश सरकारले सरोकार भएकाहरूसँग सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता जनाए ।
बैठकमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति अम्बरबहादुर थापा, कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारी, राखेपका उपाध्यक्ष ध्रुव आचार्य, राखेपका बोर्ड सदस्य, विभिन्न राष्ट्रिय खेल सङ्घ पदाधिकारी, होटल एसोसिएसन नेपाल, उद्योग वाणिज्य महासङ्घ, विभागीय टोली, ओलम्पियन एसोसिएसन अफ नेपाल, नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी सङ्घका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।
यही फागुन १५ गते बसेको राखेपको १२१ औँ बोर्ड बैठकले दशौँ राष्ट्रिय खेलकुद २०८२ साल जेठ ३ देखि १० गतेसम्म आयोजना गर्ने निर्णय गरेको थियो ।

# महासंघको तेस्रो अधिवेशन चैतमा

**काठमाडौं ।**
नेपाल उद्योग तथा व्यवसायी महासंघले आगामी चैत ८ र ९ गते अधिवेशन गर्ने भएको छ । महासङ्घले काठमाडौँमा मुलुकभरका दुई हजार बढी उद्योगी–व्यवसायीको सहभागितामा अधिवेशन गर्ने भएको हो ।
अधिवेशनले महासङ्घको नयाँ कार्यसमिति चयन गर्ने जनाएको छ । यसअघि महासङ्घको विधानअनुसार २९९ सदस्यीय कार्यसमिति र १७ सदस्यीय पदाधिकारी रहँदै आएकामा अब १५१ सदस्यीय कार्यसमिति र नौ सदस्यीय पदाधिकारी रहनेछन् । जसमा अध्यक्ष, महिलासहित दुई उपाध्यक्ष, महासचिव, उपमहासचिव, सङ्गठन, परिषद विदेश र कोष हेर्नेगरी क्षेत्र तोकेरै चारजना सचिव रहने जनाइएको छ ।
महासङ्घले अधिवेशनका अवसरमा औद्योगिक प्रदर्शनी पनि गर्ने भएको छ । मुलुकभित्र रहेका घरेलु, साना मझौलादेखि ठूला उद्योगबाट उत्पादित वस्तुहरुको बजारीकरण गर्न औद्योगिक प्रदर्शनी गर्न लागिएको महासङ्घका संयोजक भागिरथ सापकोटाले जानकारी दिए । 'लामो समयको आर्थिक मन्दीका कारण अहिले उद्योगी–व्यवसायीको मनोबल खस्किँदो अवस्थामा छ',उनले भने,'औद्योगिक वातावरण निर्माण गर्दै देशभित्र आर्थिक गतिविधि चलायमान बनाउने उद्देश्यले प्रदर्शनी आयोजना गर्न लागिएको हो ।' प्रदर्शनी दुई दिनसम्म चल्नेछ । प्रदर्शनीमा पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका उद्योगी–व्यवसायीले उत्पादन गरेका वस्तुहरु रहने मेला उपसमितिका संयोजक गोपाल खनालले जानकारी दिए । 'मेलामा साना, घरेलुदेखि मझौला र ठूला गरी १०० बढी प्रदर्शनीकक्ष रहनेछन्', उनले भने, 'जहाँ कर्णालीमा पाइने जिम्बु, यार्सा, सिलाजितदेखि पूर्वको छुर्पी, अलैँचीदेखि चिया कफीसम्म उपलब्ध हुनेछ ।' रासस

# शान्ति सम्झौता भएन भने युक्रेनी नेता संकटमाः ट्रम्प

**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका युक्रेनी समकक्ष भोलोडिमिर जेलेन्स्कीबीच ओभल अफिसमा भएको मौखिक झडपपछि ट्रम्प प्रशासनले युक्रेनलाई दिँदै आएको सैन्य सहायता रोकेको छ । ट्रम्पले शान्ति सम्झौतामा प्रगति नभए युक्रेनी नेता धेरै लामो समयसम्म बाँच्न नसक्ने चेतावनी दिए । 'यो सम्झौता पूरा गर्न त्यति गाह्रो हुनु हुँदैन । यो धेरै चाँडै गर्न सकिन्छ,' ट्रम्पले युद्धविरामको सन्दर्भमा पत्रकारहरूलाई बताए ।
ह्वाइट हाउसमा ताइवान सेमीकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी (टीएसएमसी) का प्रमुख कार्यकारी सीसी वेईसँगको कार्यक्रममा ट्रम्पले युद्ध लामो समयसम्म चल्न सक्ने भन्दै जेलेन्स्कीको आलोचना गरे ।
वार्ता पुनः शुरु गर्न जेलेन्स्कीबाट के हेर्न आवश्यक छ भनेर सोध्दा ट्रम्पले भने,'ठीक छ, मलाई लाग्छ हामीले



युक्रेनलाई युरोप भन्दा धेरै दिएका छौं र युरोपले हामी भन्दा धेरै दिनुपर्थ्यो । किनकि तपाईलाई थाहा छ, त्यो त्यहाँ अवस्थित छ । त्यो युरोपको सीमाना हो । यो युरोपको लागि धेरै महत्वपूर्ण थियो ।' 'ठीक छ, हामीले ३५० बिलियन अमेरिकी डलर दियौं । तिनीहरुले १०० डलर दिए । तिनीहरुले यो ऋणको रुपमा सहयोग गरिरहेका छन् । यो एक सुरक्षित ऋण हो ।'
ट्रम्पले गत हप्ता युक्रेन रुसविरुद्धको लडाइमा २७०० युवाहरू मारिएका बताए । उनले भने,'म ती सबै युवाहरुलाई मारिनबाट रोक्न चाहन्छु । लडाइमा हरेक हप्ता हजारौं मारिरहेका छन् । तिनीहरुले हप्तामा हजारौं सिपाहीहरू गुमाइरहेका छन् । म यसलाई रोकिएको हेर्न चाहन्छु ।'
यसअघि फेब्रुअरीमा, युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनको लागि शान्ति र उत्तर एट्लान्टिक सन्धि गठबन्धन (नाटो) को सदस्यताको बदलामा राष्ट्रपति पदबाट राजीनामा दिन आफ्नो इच्छा व्यक्त गरेका थिए ।
जेलेन्स्कीले आफ्नो ध्यान युक्रेनको सुरक्षामा रहेको बताए । माइलोभानोभले एक्समा साझा गरेको पोस्ट अनुसार, जेलेन्स्कीलाई सोधिएको थियो कि उनी शान्तिका लागि पद त्याग्न तयार छन् कि छैनन् । जवाफमा जेलेन्स्कीले भने,'म शान्तिका लागि पद छाड्न तयार छु । यदि शान्ति भएन भने युक्रेनको लागि नाटोको बदलामा म पद छाड्न पाउँदा खुसी हुनेछु । म युक्रेनको सुरक्षामा केन्द्रित छु र दशकौंसम्म सत्तामा रहने छैन ।' रासस

# 'सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्न छुट्टै ऐनको आवश्यकता छ'

**कैलाली ।**
माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले ठूलो परिमाणमा कारोबार भइरहेको सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्न छुट्टै ऐन आवश्यक रहेको बताएका छन् ।
नेपाल सुनचाँदी व्यवसायी महासङ्घ कैलालीको १२औँ स्थापना दिवसको अवसरमा मंगलबार आयोजित कार्यक्रममा अध्यक्ष दाहालले देशको अर्थतन्त्रमा व्यवसायीको भुमिका अतुलनीय रहेको बताए । व्यवसायीलाई लगानीको वातावरण सिर्जना गर्ने कार्यमा राज्य चुक्न नहुने उल्लेख गर्दै उनले भने, 'व्यवसायिक वातावरण सिर्जना हुँदा त्यसले अर्थतन्त्रलाई मात्रै नभई रोजगारी पनि सिर्जना हुन्छ ।'
देश संघीय प्रणालीमा गइससकेको



अवस्थामा व्यवसायीका लागि आवश्यक कच्चापदार्थको उपलब्धता प्रदेश तहबाट हुन आवश्यक रहेको अध्यक्ष दाहालको भनाइ थियो । 'हामीले बनाएका केही ऐन कानुन संशोधन गर्नुपर्ने स्थिति आएको छ । मंगलबार कानुनी व्यवधानका कारण व्यवसायीले कच्चापदार्थ सहजरुपमा पाउन सकेका छैनन्,' उनले भने, 'प्रदेशबाट व्यवसायीलाई कम्तिमा कच्चापदार्थ उपलब्ध गराउन सक्यौं भने पनि व्यवसायीलाई ठूलो राहत हुन्छ ।'
परम्परागत रुपमा व्यवसायलाई अगाडि बढाउन सरकारले व्यवसायीलाई प्रोत्साहन गर्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिए ।
त्यसका लागि पार्टीको तर्फबाट सदनमार्फत सरकारलाई दबाब दिने उनले बताए । सुनचाँदीलाई बिलासिताको वस्तुका रुपमा कर लगाउनु गलत भएको र त्यसलाई हटाइनुपर्ने उनको भनाइ थियो । रासस

# बबरमहलमा छचल्कियो ‘रङका तरङहरु’



**काठमाडौँ ।**

कति थरी रङहरु मिसिएपछि स्वतन्त्रताको रङ बन्ला ? प्रेममा कुन रङको बढी लालित्य होला ? आत्माको रङ चाहिँ कस्तो हुन्छ ? आत्माको उतारचढाव कस्तो हुन्छ ? अनि आत्मा जीवित देखिन्छ र ? आत्मा परिकल्पनाभन्दा बाहिरको कुरा हो । रङ्गीन दृश्यमा देखिन सम्भव नहोला तर पनि आत्माको भाव सधैँ मानवसँगै पारखीहरुले आफ्ना मनोदशाको बगाई कलाकृतिमा भेट्न सक्छन् । कलाकृतिमध्येको एक स्वतन्त्रता शीर्षकको शीर्ष कला छ । जहाँ इन्द्रेणीका सातै रङहरुका अनेक घुम्तीहरुबीच एक युवती स्वतन्त्र उडान भर्दै गरेको देखिन्छन् । यसले आम महिलाहरुको जीवनको वास्तविकता उद्घोष गर्छ । बबरमहलमा यही फागुन २२ सुन्दरताको खोजी गर्नुपर्ने सन्देश दिन्छ । भौतिकतामा लिप्त मानिसहरु धन, दौलत, मणिमाणिक्यको आशमा अन्यत्र भौँतारिरहेको वर्तमान परिदृश्यले उनका कलालाई सबल बनाएको छ । समसामयिक परिवेशलाई छुँदै उहाँले विदेशीले गरेको जे पनि राम्रो र आफ्नो स्रोतको अवमूल्याङ्कन गर्ने प्रवृत्ति हटाउँदै देशभित्रै पारसमणिको खोजी छन् । उहाँकै शब्दमा ‘समय, परिस्थिति र वास्तविकता’ शीर्षकमा कला प्रदर्शनी राख्नुको तात्पर्य मानिसको जीवनमा सययको माग एउटा हुन्छ परिस्थिति बेग्लै हुन जान्छ र वास्तविकताले अर्कै मोड लिन्छ । जसरी इच्छा आकाङ्क्षाहरू समयअनुरुप परिवर्तन हुँदै जान्छ त्यसरी नै मानिसले आइपरेका वास्तविकतालाई



रहन्छ । ‘समय, परिस्थिति र वास्तविकता’मा कलाकार कृति शाह चन्दका कलाहरुले मानव जीवनका यिनै विविध समय, परिस्थिति र तिनका वास्तविक अवस्थाको वर्णन गर्ने भावात्मक रङ तरङहरु ‘क्यानभास’मा सजाएका छन् । रङका तरङलाई आवाजको अनुभव दिलाउने कोसिस गरेको उनले सुनाए । उनका सिर्जनामा उज्यालोको खोजी, अटल माया, जनजीवन, सांस्कृतिक धरोहर, शान्ति र न्यायको प्रार्थना लगायतका सन्देशहरु देख्न सकिन्छ । जसरी क्यानभासमा सयौँ थरी रङहरुले फरक मनोविज्ञानको भाषा बोल्छन् । त्यसैगरी ती रङहरुमा कुची खेलाएर जीवनका अनगिन्ती भावहरु मिसाउन उनी सफल भएका छन् ।

कलाकार चन्दले आत्मिक रङहरुको बहावलाई रङहरुको उतारचढावमार्फत छाम्ने प्रयत्न गर्नुभएको छ । स्वतन्त्रता अनि आत्माको रङदेखि प्रेमका रङसम्मका सुन्दर चरित्रका अनेक चित्रको रस्वादन गर्न भने नेपाल कलापरिषद् बबरमहल पुग्नैपर्छ । ‘फ्लुड आर्ट’को अमूर्त धारहरुको वर्चस्व रहेको उनका कलाहरुमा रङहरु अनेक दिशामा रङ्गीन भएर बग्दै गरेको देखिन्छ । कला गतेसम्म रहने दोस्रो एकल कला प्रदर्शनीबारे कलाकार कृति शाह भन्छिन्, ‘महिला हुन सजिलो कहाँ छ र कति हो कति रङका साङ्लाहरुले उसलाई बाँधिरहेका हुन्छन्, त्यसबाट माथि उठेर सबैका अघि पहिचान खोज्नु भीडमा ठूलो स्वतन्त्रताको माग गर्नु जस्तै हो ।’

‘दियो र उज्यालो’ शीर्षकको उनका अर्को फ्लुड आर्टले अँध्यारोमा बग्दै गरेको दीपको उज्यालोको कथा बोल्छ । मानौँ सारा जगत् अन्धकारमय छ तर आशाको सानो दियो अझै जाज्वल्यमान छ र अँध्यारोलाई पराजित गर्ने अर्को महाभारत युद्धको तयारी गर्दैछ । ‘फेस्टिभल’ शीर्षकका कलाका शृङ्ख्लाहरुले रमणीय रङका बहावहरुले समाजमा व्याप्त अनेक खुसीका रङ्गीन सपनाको झल्को दिन्छ । नेपालमा होली पर्व नजिकिँदै गर्दाको आभास गराउँछ । रातो, पहेँलो, हरियो, नीलो अनि तिनमा मिसिएका अरू धेरै रङहरु जसले हावामा मिसिएरै होलिका नामको नकारात्मक ऊर्जा मेटाउन कोसिस गरिरहेका देखिन्छन् ।

अमूर्त र मूर्त भावको मिश्रणका रुपमा रहेको पारसमणि शीर्षकको उनको कलाले मानिसले आफूभित्रको अथाह शक्ति र गर्नुपर्ने सन्देश दिएका छन् । प्रार्थना शीर्षकको अर्को एक कलामा एकजना बालक विश्व शान्ति र मानव जीवनमा शान्तिको कामना गरिरहेका देखिन्छन् । समग्र पृथ्वीको भावी पुस्ताको प्रतिनिधित्व गर्ने त्यस कलाले वर्तमान अशान्ति, मनमुटाव र दुर्दान्त अवस्थाहरुको अन्त्यको आशा राखेको कलाकार चन्द औँल्याउँछन् । नयाँ पुस्ताले नकारात्मक सोचलाई त्यागेर एकापसमा भाइचाराको भावना राखी अघि बढ्ने सोच बढाउनुपर्नेमा उनी जोड दिन्छन् ।

‘अटुमन लभ’ शीर्षकको अर्को कला प्रदर्शनीको अर्को प्रमुख आकर्षण नै हो । जहाँ दुई प्रेमिल जोडी प्रेममा लिप्त छन् । प्रेमलाई जाडो, गर्मी वा कुनै पनि मौसमी चक्रले छुँदैन । जसरी पनि यो जीवन्त बनेर बर्सिन सक्छ भन्ने भाव कलामार्फत कलाकार चन्दले सन्देश दिने कोसिस गरेका छन् । अर्धनग्न युवतीको भाव भङ्गीलाई उनले यसरी रङहरुमा सुन्दर तवरले सजाएका छन् ।

यसले ‘न्युड आर्ट’तर्फ पनि कलाकारको कुची भविष्यमा अब्बल रुपमा चल्न सक्ने सङ्केत गर्छ । ‘भाइब्रेसन’, ‘रिदमिक फेयर’, ‘मदर अर्थ’, ‘हार्मोनी’ लगायतका कलाकृतिमा फरक रङसँगै फरक सोचहरु विस्तारित स्वीकार्नु पर्दछ ।

उनी भन्छन्, ‘सफलता पाउन कुनै प्रसिद्धि र भौतिक सम्पत्ति आर्जन गर्नु मात्र नभई मनको शान्ति र शुद्ध आचरण प्राप्त गर्नु पनि हो ।’ जेजस्तो परिस्थिति आए तापनि अन्याय र अत्याचार नहोस् कसैले अन्याय र अत्याचार नगरोस् भन्ने चाहना कलामा व्यक्त गरेको उनी औँल्याउँछन् । रङका तरङ्गलाई आवाजको अनुभव दिलाउने कोसिस गरेको उनले बताए ।

उनका सिर्जनामा माया, उज्यालोको खोजी, अटल माया, जनजीवन सांस्कृतिक धरोहर, शान्ति र न्यायको प्रार्थनालगायतका सन्देशहरु देख्न सकिन्छ । कला हेरेपछि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति किरण मानन्धरले कलाकार चन्दले खेलाउनुभएको रङमा सकारात्मक भाव स्पष्ट अनुभव गर्न सकिने बताए ।

त्यसो त अग्रज कलाकार गोविन्द डङ्गोल, राधेश्याम मुल्मी, कृष्ण मानन्धर, त्रिविका पूर्वउपकुलपति तथा पूर्वराजदूत डा केदारभक्त माथेमा कलाकार उत्तम डङ्गोल लगायतले प्रदर्शनी अवलोकन गर्दै कलामा मिठास, सकारात्मक सोच र शान्त प्राप्त हुने प्रतिक्रिया दिए । रासस

# सिस्नोको कपडा बुनेर स्वरोजगार बन्दै महिला



**मकवानपुर ।** जिल्लाको थाहा नगरपालिका दामनका महिला स्वरोजगार बन्ने उद्देश्यले अल्लोको कपडा बनाउन थालेका छन् । वनमा जताजतै उपलब्ध हुने अल्लोको पाटबाट कपडा बुन्ने यहाँका स्थानीय महिलाले वार्षिक कार्यतालिका बनाएर काम गरिरहेका हुन् । तरकारीको मौसम सकिएपछि महिला वनमा गएर अल्लो ल्याउने र पाटबाट धागो बनाएर कपडा बुन्न व्यस्त हुने गरेका छन् । अहिले यहाँका महिला अन्य जिल्लामा अल्लोको पाट निकाल्न र धागोसहित कपडा बुन्न सिकाउन पनि जान थालेका छन् । लामो समयसम्म अल्लोको कपडा बनाउने तालिम लिएर काम गर्दै आउनुभएकी थाहा नगरपालिकाकी रेश्मा गोपालीले केही वर्ष अगाडि दामन महिला अल्लो ह्याण्डीक्राफ्ट उद्योग दर्ता गरेर समूहमा काम गर्न शुरु गरेको बताए ।

तरकारीखेती का लागि पकेट क्षेत्र मानिने थाहा नगरकी उनले जग्गा हुनेका लागि खेतीपाती राम्रो भए पनि जग्गा नहुने वा थोरै हुनेका लागि आम्दानीको स्रोत खोज्न मुश्किल परेको भन्दै व्यावसायिक रूपमा अल्लोको कपडा उत्पादन शुरु गरेको जानकारी दिए । करिब ४० वर्षीया गोपालीले आफ्नो सबै ऊर्जा अल्लोको उद्यम उत्पादनमा लगाउने कोसिसमा रहेको जनाउँदै सुरुआती दिनमा निकै सङ्घर्ष गरेको अनुभव सुनाए । उनले भने, ‘खेती गर्न धेरै जग्गा छैन । जागिर पनि भने जस्तो नपाउने भएपछि वनमा पाइने सिस्नो जस्तै हुने अल्लोको पाटबाट कपडा बनाएर बेच्ने सपना देखेँसँगै मैले यसको तालिम लिएको थिएँ ।’ उनका अनुसार साथ र सहयोग प्राप्त भएमा स्थानीय अल्लोलाई एउटा उचाइमा लैजाने योजना छ । ‘सिस्नो खाएको र स्वास्थ्यका लागि फाइदा हुने कुरा प्रायःसबैलाई थाहा छ तर सिस्नोबाट कपडा बनाएर लगाउँदा पनि फाइदा हुन्छ भन्ने धेरैलाई थाहा नहुनु सक्छ । वनमा छ्याप्पछ्याप्ती पाइने सिस्नो प्रजातिको अल्लोबाट कपडा बनाउने व्यावसाय शुरु गरेका छौँ । लुगामात्र होइन यसबाट बनेको मोजा र जुत्तासमेत लगाउन पाइन्छ’, गोपालीले भने । स्थानीय कोपिला गोपालीले पनि स्वरोजगारका लागि समूहमा बसेर अल्लोको कपडा उत्पादनमा लागेको बताए । उनको समूह यतिबेला त्यस क्षेत्रको जङ्गलमा पाइने सिस्नो प्रजातिको अल्लो टिप्न, चुट्न अनि कपडा बुन्न व्यस्त छ । वर्षमा तीन महिना खेतीपाती र बाँकी समय कपडा बुन्नमा खर्चिने उनको भनाइ छ । कोपिलाका अनुसार तीन किलो धागोको दशदेखि बाह्र मिटरसम्म तयारी कपडा हुन्छ ।

बढ्दो बजारको मागसँगै यसको उत्पादन पु¥याउन अझ बढी मेहनत गर्नुपर्ने उनको भनाइ छ । अहिले मागबमोजिमको उत्पादनका लागि जनशक्ति कम रहेको कोपिलाले बताए । उनले भने, ‘कपडा बनाउन जति सजिलो छ धागो कात्न कठिन छ, अल्लोबाट धागो बनाउन जङ्गलबाट काँचो लाथ्रा ल्याउनुपर्छ ।’

पाट निकालेपछि सुकाएर ठूलो फलामे कराइमा पकाउने र त्यसपछि फेरि कमेरो माटोमा चोपेर सुकेको पाट खोलामा लगेर दोहो¬याएर चुट्नुपर्ने उनले जानकारी दिए । ‘यसपछि मात्र धागोको कच्चा तयार हुन्छ । त्यसैलाई चर्खाको सहायताले धागो निकालिन्छ’, उनले भने । विसं २०६६ देखि उद्यम दर्ता गरेर समूहमा भएका महिलाले सञ्चालन गर्दै आएको यो उद्योग हाल स्थानीय ‘सरकार र ग्रिन फाउण्डेशन नेपाल’ नामक संस्थाको सहकार्यमा उद्यम विकास स्तरोन्नति भइरहेको थाहा–३ का वडाध्यक्ष हीरेन्द्र रायमाझीले जानकारी दिए । उनका अनुसार अब उद्योगमा उत्पादन बढाउनका लागि थप तालिम र भौतिक सहयोगसमेत गर्ने योजना छ ।

यस समूहले ऋषेश्वर सामुदायिक वनमा छ्यापछ्याप्ती पाइने अल्लोलाई प्रशोधन गरेर रेशा निकाली बजारमा रुचाइने आकर्षक डिजाइनमा तयार पारिएको कपडा विदेशीका लागि कोसेलीदेखि लिएर मेला, महोत्सवमा प्रदर्शनमा राखिने रायमाझीले बताए । करिब १५ वर्ष अगाडिसम्म वनमा छ्यापछ्याप्ती पाइने अल्लोबाट कपडा बन्ला भनेर कहिल्यै नसोचको उनको भनाइ छ । ऋषेश्वर सामुदायिक वनको सक्रियतामा समूहका महिलाले अल्लोबाट कपडा बुन्ने सीप पाएका हुन् । सबैको सहयोगमा नमुना उत्पादन थालेका महिलाले अहिले व्यावसायिक रूपमा कपडा उत्पादन गरिरहेका छन् । वनमा आधारित उद्यम विकासका लागि लागिरहेको संस्था ग्रिन फाउण्डेशन नेपालले उद्यमको स्तरीकरण र बजारीकरणमा सहयोग गरिरहेको संस्थाकी कोषाध्यक्ष आरती पाठकले जानकारी दिए । उनले भने, ‘हामीले महिलालाई क्षमता विकासको तालिम मात्र दिएर विकास नहुने रहेछ । यसका लागि आर्थिक अवस्था सुधार गर्न आवश्यक देखियो, त्यसैले महिलालाई उद्यम विकासको अभियान चलाएका हौँ ।’

वनमा आधारित उद्यमबाट महिलालाई उद्यमी बनाउन निरन्तर प्रयार गरिरहेको संस्थाकी कोषाध्यक्ष पाठकले जानकारी दिए । यसका लागि आर्थिक स्रोत र इच्छा शक्तिको आवश्यकता पर्नेमा उनले जोड दिए । उनले मकवानपुरमा वनमा आधारित छ वटा उद्यमका लागि प्रत्यक्ष र ३७ वटा उद्यमका लागि अप्रत्यक्ष रूपमा सहयोग गरिरहेको जानकारी दिए । अल्लोको कपडा उत्पादनले थाहाका स्थानीय महिला स्वरोजगार बन्नुका साथै आम्दानी पनि बढाइरहेका छन् । औद्योगिक व्यापार मेला, पर्यटकीय क्षेत्रका पसल तथा स्थानीय क्षेत्रमा अल्लोको कपडाको राम्रो बजार छ । स्थानीय क्षेत्रमा पनि यसको माग बढ्दो छ । महिलाहरूले अल्लोको धागो कात्ने, कपडा बुन्ने, ‘मनिपर्स’ बनाउने, महिला तथा पुरुषले बोक्ने झोला, स्टकोटलगायत सामग्री सिलाउँछन् । दामन घुम्न आउनेले अल्लोको समान चिनोका रूपमा लैजाने गरेका महिला उद्यमी बताउँछन् । सिस्नो प्रजातिको अल्लोको कपडाले छाला रोगलाई फाइदा गर्नुका साथै न्यानो प्रदान गर्ने आम उपभोक्ताको भनाइ छ । रासस

# गौर नगरपालिकालाई राइस मिलको पौने तीन बिघा जग्गा

*गौर नगरपालिकालाई २ बिघा १५ कट्ठा खेलकुदका लागि तथा २ कट्ठा जग्गामा निर्माण भएको धर्मशाला नगरपालिकालाई नै दिने सहमति गौर राइस मिल सञ्चालक समितिले जनाएकाले नगरपालिकालाई प्रत्यक्षरुपमा १५ करोड ५६ लाख रुपैयाँ जोगिएको छ ।*

*– **शम्भु साह***

*नगरप्रमुख, गौर नगरपालिका*



**राकेश यादव**
**रौतहट ।**
लामो समयदेखि अधिग्रहणका विषयमा विवादित सदरमुकाम गौरस्थित गौर राइस मिलको झन्झट सकिएको छ । २०६६ देखि नै पटकपटक अधिग्रहणको प्रक्रिया अपनाउने गरेको राइस मिलको जग्गामध्ये खेलकुद मैदानका लागि जग्गा प्राप्त हुने निश्चित भएपछि विवादमा रहेको राइस मिलको जग्गा बिक्री गर्ने बाटो खुलेको हो ।
गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले मंगलबार कार्यकक्षमै पत्रकार सम्मलेन गरेर जग्गाधनी गौर राइस मिल एन्ड फ्लोर लिमिटेड, सञ्चालक समितिले गौर नगरपालिकालाई २ बिघा १५ कट्ठा जग्गा निःशुल्कमा दिने सहमति जनाएको बताए । तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा मन्त्रिपरिषद्ले राइस मिलका नाममा रहेको ५ बिघा १९ कट्ठा १५ धुर जग्गा सरकारीकरण गर्न गरेको निर्णय सर्वोच्च अदालतले बिनामुआब्जा अधिग्रहण गर्न नसकिने भनेर मन्त्रिपरिषद्को निर्णय बदर गरिदिएको जानकारी दिँदै मेयर साहले बिनाकुनै मुआब्जा गौर नगरपालिकालाई सञ्चालक समितिले २ बिघा १५ कट्ठा जग्गा दिन लागेको र बाँकी जग्गा बिक्रीका लागि फुकुवा गर्ने निष्कर्षमा नगरपालिका पुगेको बताए ।
साहले प्रदेश सरकारले पटकपटक १५ करोड रुपैयाँ विनियोजन गरे पनि कानूनी जटिलताका कारण अधिग्रहण हुन नसकेको राइस मिलको जग्गा निःशुल्क पाइने भएपछि नगरबासीको हकमा नगरपालिकाले निर्णय गरेको दाबी गरे । उनले भने, '१५ करोड़ ५६ लाख रुपैयाँ लगाएर १ बिघा १६ कट्ठा जग्गा लिँदा आर्थिक भार हुने भएकाले यस्तो निर्णय लिएका हौँ, बिना कुनै लागत नगरपालिकाले २ बिघा १५ कट्ठा जग्गा पाइरहेकाले विरोध गर्नुको औचित्य छैन ।'
राइस मिलका नाममा सर्वे नापीअनुसार ५ बिघा १९ कट्ठा १५ धुर रहेकामा स्थलगतरुपमा भोगमा ४ बिघा १९ कट्ठा मात्र देखिएको छ । २४ कट्ठा जग्गा मोहीको छ । गौर नगरपालिकालाई २ बिघा १५ कट्ठा खेलकुदका लागि तथा २ कट्ठा जग्गामा निर्माण भएको धर्मशाला नगरपालिकालाई नै दिने सहमति सञ्चालक समितिले जनाएकाले नगरपालिकालाई प्रत्यक्षरुपमा १५ करोड ५६ लाख रुपैयाँ जोगिएको उनले दाबी गरे ।
नगरबासीले दिएको जिम्मेवारी पूर्णरुपमा इमानदारिताका साथ निर्वाह गर्दै आएको दाबीसहित नगर प्रमुख साहले बिना कुनै आधारप्रमाण अरुको जग्गा बलपूर्वक कानूनविपरीत रोक्का गरी राख्न नमिल्ने तर्क गरे ।
गौर राइस मिलका नाममा जग्गा रहेकाले त्यसको आधिकारिक सञ्चालक समिति नै रहेकाले रोक्का गरेर राख्न नमिल्ने उनको भनाइ थियो ।
राइस मिलको जग्गाको कर नगरपालिकाले लिनु पर्ने बाध्यता छ भने कर लिए बिरोधीले जग्गा बिक्री गर्न लागे भन्ने आधारहीन आरोप लगाउन शुरू गर्ने भएकाले नगरपालिकाले पाउनु पर्ने जग्गा निःशुल्क पाइरहेकाले विरोध गर्नुको कुनै औचित्य नभएको उनले बताए । विकास बिरोधीले बिरोध गरे पनि कुनै फरक नपर्ने भन्दै नगरपालिकाको कार्यपालिका समितिको निर्णयअनुसार कार्य अगाडि बढाइएको उनले बताए ।
विसं २००३ मा स्थापना भएको गौर राइस मिल ४० वर्ष भन्दा बढ़ी समयदेखि बन्द रही अलपत्र छ भने चारैतिरबाट जग्गा अतिक्रमित भएको छ । राइस मिलका नाममा रहेको सम्पूर्ण जग्गा अधिग्रहण गर्नु पर्ने जनदबाब थियो ।

# पुँजीवादी व्यवस्थामा पार्टी फुट्नु नौलो होइनः खनाल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादी पार्टीका सम्मानित नेता झलनाथ खनालले बहुदलीय व्यवस्थामा पार्टी गठन हुनु र फुटनु नौलो विषय नभएको बताएका छन् । उनले अहिलेको व्यवस्था पुँजीवादी व्यवस्था भएकाले पार्टी गठन र विभाजन अस्वभाविक नभएको बताए । खनालले आफ्नो पार्टी फुटछ भन्ने चैँ सत्य नभएको र कुनै पार्टी फुटाउने गरी आउने विधेयक गलत भएको जिकिर गरे ।
समाजवादी प्रेस संगठन नेपालले जनकपुरमा गरेको पत्रकार सम्मेलनमा उनले पार्टी अन्य पार्टीसँग तत्काल एकतामा जान आवश्यक नरहेको बताउँदै कम्युनिष्ट पार्टीहरुबीच वृहत वाम एकताको भने आवश्यक रहेको बताए । उनले वामएकता नभए आउने दिनमा जनताले कम्युनिष्ट पार्टीलाई चड्कन हान्ने बताए ।
उनले भने, 'विगतमा समेत वामएकता भयो तर तयारी र नीति तथा सिद्धान्तका आधारमा भएन, एकता टिक्न सिद्धान्त र विचारका आधारमा वामएकता हुनुपर्छ, त्यसमा व्यक्ति गौण हुनुपर्ने पर्छ ।'
'तत्काल पार्टी एकीकरण सम्भव छैन तर 'इस्यु'का आधारमा कार्यगत एकता गर्न सकिन्छ, राष्ट्रियतामाथि खतरा छ, यस्तो अवस्थामा वामपन्थी मात्र होइन, सबैले एकताबद्ध भएर उभिनुपर्छ,' उनले भने, 'कार्यगत एकताका लागि आफ्नो पार्टी एजेण्डाका आधारमा अगाडि बढन तयार छ ।' उनले सरकार पूर्णरुपमा सअफल भइसकेको अवस्थामा सरकारले जनताको ध्यान अन्त मोड्न विभिन्न गफाडी कुरा गरिरहेको बताए । पूर्वप्रधानमन्त्री खनालले संविधानअनुसार ऐन निर्माणप्रक्रिया सहजै अघि बढ्न सक्ने भए पनि सरकारले अनावश्यकरुपमा अध्यादेश ल्याएको उल्लेख गरे । उनले अध्यादेश आवश्यक नभएको अवस्थामा सरकारले ल्याएको अध्यादेशको औचित्य समेत नरहेको कारण पार्टी यसको विरोधमा रहेको जिकीर गरे ।
'संविधानअनुसार सामान्य प्रक्रियाबाट ऐन बनाउन कसैले अवरोध गरेको छैन, यस्तो अवस्थामा अध्यादेश ल्याउनु गलत हो,' खनाले भने, 'वर्तमान सरकार सङ्कटको भारी बोकेर हिँडिरहेको छ ।' खनालले सरकारका कारण जनतामा छाएको निरासाले मुलुकमा केही प्रतिक्रियावादी र परिवर्तनकारी शक्ति सल्बलाउन थालेको बताए ।

# पत्रकार महतलाई चन्द्रपुर अस्पतालको सहयोग



**मधेशदृष्टि**
**रौतहट ।**
ब्रेन ट्युमर रोगबाट पीडित रौतहटका वरिष्ठ पत्रकार फणिदेव महतलाई चन्द्रपुर अस्पताल प्रालिले ५० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ । मंगलबार अस्पतालमा आयोजित कार्यक्रममा अस्पतालका सञ्चालक डा. सुवास चौधरीले पत्रकार महतलाई ५० हजार रुपैयाँको चेक हस्तान्तरण गरेको हो । सो अवसरमा उनले महतको उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले आफ्नो एक दिनको पारिश्रमिक महतको उपचारका लागि प्रदान गरेको जानकारी गराए । अस्पतालले उनलाई आवश्यक पर्ने सम्पूर्ण चिकित्सकीय सेवा निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । डा. चौधरीका अनुसार पत्रकार महतलाई अस्पतालबाट हुने सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराइनेछ । साथै, उपचारका क्रममा आवश्यक परे जुनसुकै समयमा रक्तदानको व्यवस्था मिलाइनेछ । कार्यक्रममा नेपाल पत्रकार महासंघ, रौतहट शाखाका अध्यक्ष सञ्जयकुमार कार्कीले पत्रकार महतको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनको उपचारमा सबै पक्षले हातेमालो गर्नुपर्ने आवश्यकता औंल्याए । उनले पत्रकारितामा लामो समयदेखि सक्रिय महतलाई समाजले अब साथ दिनुपर्ने बताए । पत्रकार फणिदेव महत विगत दुई दशकभन्दा बढी समयदेखि रौतहट जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाउँदै विभिन्न सञ्चारमाध्यममा संलग्न रहँदै आएका छन् । आर्थिक रूपमा कमजोर रहेका महत विगत लामो समयदेखि ब्रेन ट्युमरको उपचार गराइरहेका छन्, जसका कारण उनी आर्थिक समस्यामा परेका छन् । कार्यक्रममा रौतहट जिल्लाका विभिन्न सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# मेयर सिंहद्वारा धार्मिक केन्द्रमा व्याप्त बेथितिमा चासो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले गहवामाई मन्दिर, महावीर मन्दिर लगायतका धार्मिक आस्थाका केन्द्रहरूमा व्याप्त बेतिथिप्रति गम्भीर चासो व्यक्त गरेका छन् । प्रमुख सिंहले आफ्नो फेसबुक पेजमार्फत मन्दिरहरूको सञ्चालन र व्यवस्थापन विधानअनुरूप हुनुपर्नेमा जोड दिँदै हालको अव्यवस्थित र अपारदर्शी सञ्चालनप्रति असन्तुष्टि जनाएका हुन् । उनका अनुसार, मन्दिरहरू सञ्चालन गर्ने अधिकांश समितिहरू वैधानिक रूपमा दर्ता नभएको, आफ्नो विधान नभएको र बैंक खाता समेत नराखिएको अवस्था छ । मन्दिरमा दर्शनका नाममा श्रद्धालुहरूसँग रकम उठाउने र चढाइएको भेटी तथा आम्दानी अतिथि सत्कारको नाममा ठूला होटेलका बिल तिर्न खर्च हुने गरेको जानकारी प्राप्त भएको उनले उल्लेख गरेका छन् ।
उनले यस्तो अव्यवस्था वर्षौंदेखि चल्दै आएको र यसको सूक्ष्म निगरानी गरिरहेको बताए । प्रमुख सिंहले स्थानीय तह र कानुनी संरचनाअन्तर्गत धार्मिक स्थलहरूलाई व्यवस्थित गर्ने सङ्केत गरेका छन् । सिंहको पोस्टले वीरगंजका धार्मिक सम्पदाहरूको संरक्षण र व्यवस्थापनमा नयाँ बहस छेडेको छ ।

# मैथिली कला, संस्कृतिको विकासका लागि प्रदेशको प्रतिबद्धता




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश–प्रदेशका भौतिक पूर्वाधारमन्त्री सरोजकुमार यादवले मैथिली भाषा र संस्कृतिको विकास तथा संरक्षणमा मधेश–प्रदेश सरकारबाट कुनै कमी हुन नदिने प्रतिबद्धता जनाएका छन् । मैथिली विकास कोष परिषद् जनकपुरधामको नवनिर्मित भवनमा मंगलबारदेखि शुरू भएको मधेश–प्रदेश प्रादेशिक लालितकला प्रदर्शनी कार्यक्रममा उनले नेपालीपछि मैथिली भाषा नेपालको सबैभन्दा बढी बोलिने भाषा भएकाले त्यसको संरक्षण तथा विकासलाई मधेश–प्रदेश सरकारले प्रथम प्राथमिकतामा राखेको र विकासका लागि गृहकार्य गरिरहेको बताए । मुलुकमा भौतिक विकासका साथै सभ्यता, संस्कृति तथा कलाको विकास नभए देशको विकास नहुने उल्लेख गर्दै उनले मैथली विकास कोषलाई मिथिलाको संस्कृति तथा संस्कारलाई दिगो बनाउन तथा जर्गेना गर्नका लागि के–कस्ता योजना बनाउने हो, त्यसको खाकासहित मधेश प्रदेश सरकार समक्ष पेस गर्न अनुरोध गरे ।
सोही समारोहमा पूर्वमन्त्री तथा मधेश–प्रदेश सासंद रामसरोज यादवले मैथली विकास कोष परिषद्ले मैथली भाषा तथा संस्कृतिको विकासका लागि सरकारसँग हातोमालो गरेर अगाडि बढनुपर्नेमा जोड दिए । उनले मैथली विकास कोषको पूर्वाधार निर्माणमा दुई करोड रुपैयाँको थप कोष खडा गर्नुपर्ने बताए ।
राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले जुन समाजमा कला, संस्कृति तथा सभ्यताको संरक्षण हुँदैन त्यो समाज जीवित नहुने उल्लेख गर्दै मिथिला संस्कृतिको संरक्षणमा सबैको ध्यान जानुपर्ने बताए । उनले लोप भएको युरोपको सभ्यता तथा संस्कृतिको उदाहरण दिँदै मिथिला कला, संस्कार तथा संस्कृतिको विकासका लागि ठोस योजना आवश्यक रहेकाले त्यसका लागि मिथिला सङ्ग्राहलय बनाउनुपर्नेमा जोड दिए । सोही कार्यक्रममा राससका अध्यक्ष झालाई दोसल्ला ओढार सम्मानित गरिएको थियो । कार्यक्रममा कोषका अध्यक्ष जिवनाथ चौधरीको सभापतित्वमा भएको थियो । प्रदर्शनी पाँच दिन चल्ने छ ।

# अदालतको आदेशपछि रोकिने भयो सडक विस्तार

**मधेशदृष्टि**
**राजविराज ।**
राजविराज–कञ्चनपुर सडकखण्डमा भइरहेको हुलाकी सडक विस्तार कार्य रोकिने भएको छ ।
साविक सडकको केन्द्रविन्दुबाट दुवैतर्फ समानुपातिकरुपमा बराबरी पर्ने गरी सडक निर्माण नभइरहेको भन्दै एक पक्ष न्यायका लागि अदालत पुगेपछि काम रोकिन लागेको हो ।
स्थानीय नुरजहाँ बेगमले राजविराज नगरपालिकालाई विपक्षी बनाई उच्च अदालत जनकपुर राजविराज इजलासमा दायर गरेको निषेधाज्ञा मुद्दामा मंगलबार सुनुवाइपश्चात न्यायाधीश सुशील कोइरालाको एकल इजलासले अन्तिरिम आदेश जारी गरेपछि सडक निर्माण तथा विस्तार कार्य रोकिने भएको छ ।
'निवेदकले अन्तिरिम आदेश माग गरेको सम्बन्धमा भएको बहस र विचार गर्दा सर्वे नापी नक्सामा भएको सडकलाई आधार मानेर सडकको केन्द्रविन्दुबाट दुवैतर्फ समानुपातिकरुपमा बराबरी पर्नेबाहेक निवेदकको हकभोग र स्वामित्वको जग्गा तर्फबाट मात्र हस्तक्षेप गरेर सडक निर्माण कार्य नगर्नु गराउनु' जारी आदेशमा उल्लेख छ ।
कुनै आधार र प्रमाण भए बाटाका म्याद बाहेक १५ दिनभित्र उच्च सरकारी वकिल कार्यालय राजविराजमार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षी राजविराज नगरपालिकाका नाममा अदालतद्वारा जारी आदेशमा उल्लेख छ ।

# आजपा सचिव हवारी राष्ट्रिय मुक्ति पार्टीमा

**मधेशदृष्टि**
**वीरगंज ।**
संविधान सभा सदस्य एवम् आम जनता पार्टी (आजपा)का केन्द्रीय सचिव इस्लाम हवारी राष्ट्रिय मुक्ति पार्टी नेपालमा प्रवेश गरेका छन् । पर्सा जिल्लामा मंगलबार आयोजित विशेष कार्यक्रममा पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र महतोबाट हवारीले औपचारिक रूपमा पार्टीको सदस्यता ग्रहण गरेका छन् ।
कार्यक्रममा इस्लाम हवारीसँगै फहिम हवारी, कासिम हवारी, राजदेव साह, हुसेन हवारी, प्रदीप पासवानलगायतका नेता तथा कार्यकर्ताहरू राष्ट्रिय मुक्ति पार्टी नेपालमा प्रवेश गरेका हुन् ।
यस अवसरमा पार्टीका केन्द्रीय सदस्य अनिरुद्ध कलवार लगायत नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता पार्टीका पर्सा जिल्ला अध्यक्ष राजेश साहले गरेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन